# जिल्ला विकास समितिको कार्यालय

*ववरमहल, काठमाण्डौ ।*

# अन्तिम प्रतिवेदन

# जिल्ला विकास समिति काठमाण्डौले आ.व २०७२/७३ मा गरेको कामहरुको सामाजिक परीक्षणको प्रतिवेदन

**पेस गर्ने**

**एन.ई.पि.सि रिसर्च प्रा.लि**
**मध्य वानेश्वर, काठमाण्डौ**
**फोनः ४४३५३१२, फ्याक्सः ४४३५३१२**
**ईमेलः nepc@gmail.com**

**अध्ययन टोलिः**

| | |
|---|---|
| सुवासचन्द्र ढकाल | टोलि नेता |
| रमेश प्रसाद मैनाली | अनुसन्धान सहायक |

# विषय सूची

विषय पेज
अध्ययन टोलिः द
विषय सूची अ
अध्ययायः १ भुमीका ज्ञ
१.१ सामाजिक परीक्षण परिचय 1
१.२. सामाजिक परिक्षणको औचित्य 1
१.३ काठमाण्डौ जिल्ला र जिल्ला विकास समिति काठमाण्डौ 2
१.३. सामाजिक परिक्षणको उदेश्य 2
१.४. सामाजिक परीक्षणको विषयगत क्षेत्र 3
अध्ययायः २ अध्ययन विधि र प्रकृया द्द
२.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा 4
२.२ सम्वन्धित अधिकारीहरु संग छलफल 4
२.३ प्रश्नावलीको तयारी 4
२.४ अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल 4
२.५ प्रतिवेदन प्रस्तुति तथा छलफल 5
२.६ प्रारम्भिक प्रतिवेदन तयारी 6
२.७ अध्ययनको समय रेखा 6
अध्ययाय ३ अध्ययनको परिणाम र विश्लेषण ठ
३.१ महिला, बालबालिका तथा समावेशी क्षेत्र 7
३.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र 4
३.२.३ सामाजिक विकृति निर्मुल 5
३.२.४ सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) को यथोचित सम्वोधन 6
३.२.५ बाल श्रमको अवस्था 8
३.२.६ गरिवी निवारणका प्रयासहरू 8
३.३ विकासमा समान सहभागीताको क्षेत्र 17
३.३.१ जिल्ला विकास समिति 17
३.३.२ विषयगत कार्यालयहरु 17
३.३.३ गैर सरकारी संस्थाहरु 17
३.४ सेवा सुविधामा पहुंचको क्षेत्र 18
३.४.१ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवामा पहुंच (भयो) 18
३.४.२ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवाको उपलब्धता 19
३.४.३ शिक्षा सेवाको वितरण र यसको पहुंच 20
३.४.४ कृषि सेवा संस्थाहरुको वितरण सेवामा पहुंच 22
३.४.५ पशु सेवा संस्थाहरुको विरतरण र सेवामा पहुंच 22
३.५ जिल्लामा विकाको लागी देखा परेका समश्याहरु र समाधानका उपायहरु 23
३.५.१ जिल्ला विकास कार्यक्रमका सवल, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु 23
३.५.२ जिल्ला विकास समितिको मुख्य समश्याहरु र सामधानको प्रयासहरु 24
३.५.३ जिल्ला विकास समितिवाट सेवा प्रवाहलाई प्रभावकारी वनाउन चालिएका कदमहरुः 25
३.६ सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव 25
अध्ययाय ४ निश्कर्ष र सुझाव द्ध
४.१ निश्कर्ष 29
४.२ सुझावहरु 30
अनुसुचीहरु घज्ञ
अनुसुचीः १ सुचना संकलनको लागी तयार गरिएको प्रश्नावली घज्ञ

सारांसः

स्थानीय शासन ऐन २०५५ र नियमावली २०५६ को अधिनमा रही तयार गरिएको सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेख भए वमोजिमको प्रकृया अवलम्वन गरी यो सामाजिक परीक्षण कार्य गरिएको छ । यस प्रतिवेदनमा ४ अध्ययायहरु रहेकाछन् । अध्ययाय १ मा भुमीका, परिचय, उदेश्य, अध्ययन क्षेत्रको वारेमा उल्लेख गरिएको छ भने अध्ययाय २ मा अध्ययन विधि र प्रकृया, अध्ययाय ३ मा अध्ययनको परिणमा र विश्लेषण र अध्ययाय ४ मा निष्कर्ष र सुझावहरु समावेस गरिएका छन् ।

काठमाण्डौ जिल्लामा जम्मा १० निर्वाचन क्षेत्र, १५ ईलाका, १ महानगरपालिका, १० नगरपालिका रहेका छन् । राष्ट्रिय जनगडना २०६८ अनुसार जिल्लामा जम्मा घरधुरी संख्या ४५३६४२ छन भने १०४११०८ महिला र १०००२८० पुरुष गरी कुल जनसंख्या २०४१३८८ रहेको छ । साक्षरता प्रतिसत ८३, औषत परिवार संख्या ४, जनसंख्या वृद्धिदर ४.९ र जनघनत्व ४४१६ प्रति वर्ग किलोमिटर रहेकोछ ।

**सामाजिक परिक्षणको उदेश्यः** (क) काठमाण्डौ जिविसले गत आवमा गरेका कामहरु कत्तिको पारदर्शि ढंगले सञ्चालन भए त्यसको लेखाजोखा गर्ने, (ख) काठमाण्डौ जिविसले गत आवमा के के काम गर्‍यो र त्यसवाट सामाजिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पार्‍यो त्यसको अध्ययन गर्ने, (ग) सामाजिक परिक्षण कार्यक्रमले जिल्ला भित्र रहेका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रले कसरी अभ्यास गरेकाछन भन्ने कुराको लेखाजोखा गर्ने र (घ) अध्ययनको आधारमा आगामी दिनहरुमा कसरी कामलाई अगाडी वढाउनु पर्छ भन्ने सिफारिस गर्ने रहेका थिए ।

यस अध्ययनको लागी ४ विषयगत क्षेत्र (क) महिला, बालबालिका तथा समावेशी, (ख) जनचेतना तथा गरिवी निवारण र (ग) विकासमा समान सहभागीताको क्षेत्र र (घ) सेवाहरुमा पहुंचको क्षेत्र तोकिएको थियो ।

अध्ययनको क्रममा अध्ययन टोलीले स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत), कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सामाजिक उपलब्धि, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गरिएको थियो । अध्ययन टोलीका सदस्यहरुले जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल गरि आवस्यक सूचना तथा जानकारी लिएको थियो ।

कार्य निर्देश शर्तको आधारमा, विभिन्न सरोकारवालाहरुवाट सूचना /तथ्याङ्क संकलन गर्नको लागी भिन्न भिन्न प्रश्नावली तयार गरी जिल्ला विकास समितिका सम्वन्धित अधिकारीहरुवाट स्वीकृत गराईएको थियो । उक्त प्रश्नावली प्रयोग गरी संकलन गरिएको तथ्याङ्कहरुलाई एकत्रित गरी तालिकामा राखिएको थियो र विभिन्न तरिकाले संकलन गरिएको तथ्याङ्कलाई त्रिकोणत्मक विश्लेषण गरी प्रतिवेदन तयार गरिएको थियो । तयार गरिएको प्रतिवेदन सरोकारवालाहरु समक्ष प्रस्तुतीकरण गरी सुझावहरु संकलन गरिएको थियो । सरोकारवालहरुवाट प्राप्त सान्दर्भिक सुझावहरुलाई समेत समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको थियो ।

अध्ययनको परिणाम कार्य क्षेत्रको आधारमा निम्न अनुसार व्याख्या गरिएको छ ।

## १) महिला, बालबालिका तथा समावेशी क्षेत्र ।

### (क) स्वास्थ्य

आ.व. २०७२/७३ मा कुल घरधुरी संख्याको ९४.५ प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवस्था भएकोमा आ.व. २०७२र७३ मा यो सुविधा ९४.६७ प्रतिसत नागरिकहरुलाई पुगेको छ । पांच वर्ष मुनिका बालबालिकाहरु १२.१७ प्रतिसत भएकोमा आ.व. २०७२/७३ मा १०.०३ प्रतिसत थिए । खोपमा पहुच भएको जनसंख्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) १०० प्रतिसत भएको र ४ पटक गर्ववती जाँच गरिएको महिलाको प्रतिसत गत आव २०७१/७२ मा ५४ प्रतिसत भएकोमा आव २०७२/७३ मा ५९.२३ प्रतिसत पुगेको देखिन्छ । आव २०७०/७१ मा दक्ष प्रसुतीकर्मीबाट प्रसुती गराउने महिला ८३.०५ थिए भने आव २०७२/७३ मा ८६.५१ प्रतिसत पुगेको छ र त्यसै गरी २०७१/७२ मा ५३.४० प्रतिसत नागरीकहरुले हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिएका थिए भने यस वर्ष ५३.८९ प्रतिसतले मात्र हेल्थपोष्ट वा सव हेल्थपोष्ट वाट सेवा लिएका छन् ।

### (ख) शिक्षा

पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर आव २०७१/७२ मा २४.२० प्रतिसत भएकोमा आव २०७२/७३ वढेर २४.३१ प्रतिसत, कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा ९४.२ वाट बढेर ९५.४५ प्रतिसत पुगेका, प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोर्‍याउने दर (प्रतिसत) २.५६ वाट घटेर २.३५ प्रतिसत र कक्षा उत्तिर्ण हुने दर ९७.४४ प्रतिसतवाट वढेर ९७.६५ प्रतिसत पुगेकोछ । आव २०७१/७२ मा प्राथमिक तहमा तालिम प्राप्त शिक्षकको प्रतिसत ८९०३ प्रतिसत भएकोमा आव २०७२/७३ मा ८७.१४ प्रतिसत भएको पाईयो । यसरी तालिम प्राप्त शिक्षकहरुको प्रतिसत कम हुनुमा सो हुनुमा राहत कोटामा भएको वृद्धि र नयाँ नियुक्त शिक्षकहरुको संख्या वढ्नु देखिन्छ । प्रति कक्षा कोठा विद्यार्थी संख्या आ.व. २०७१/७२ को २७.०९ भएकोमा वढेर यो ३७.७ प्रतिसत पुगेको देखियो ।

### (ग) खानेपानी र सरसफाई

आव २०७१/७२ मा ९५.५१ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध थियो भने आव २०७२/७३ यो सुविधा ९६.०३ प्रतिसत नागरिकहरुलाई, गरी गत वर्ष २०७१/७२ मा ९२.१६ प्रतिसत नागरिकहरुलाई शौचालयको सुविधा भएकामा यस आवमा ९४.१६ प्रतिसतलाई ,गत आवमा खानेपानीको सेवा उपलब्ध भएका प्राथमीक विद्यालयहरु ८९.५ प्रतिसत भएकोमा यस वर्ष ९०.७८ प्रतिसत, शौचालयको सुविधा भएका प्राथमीक विद्यालयहरु गत आवमा ९१.९ प्रतिसत भएकोमा यस वर्ष पनि ९२.४९ प्रतिसत भएको छ । आ.व. २०७२/७३ मा ३ वटा नगरपालिकाहरु खुला दिशामुक्त घोषणा भएकाछन् ।

## २) जनचेतना तथा गरिवी निवारण क्षेत्र

गरीवसंग विशेश्वर कार्यक्रम मार्फत गत आ.व २०७१/७२ सम्म कायम भएका ५७ मध्ये १४ गाविसमा सामाजिक परिचालन गरी १५७ समुह गठन भई ती समुहहरु सक्रिय रहदै आएकाछन । ती समुहमा जम्मा २२१५ सदश्यहरु आवद्ध भएकाछन र रु १ करोड ७५ लाख ६८ हजार वचत संकलन भएको छ । गत आव

२०७१/७२ मा वचत रकम रु १ करोड ५० लाख ७८ हजार ३३० मात्र थियो । कूल वचत मध्ये गत आव २०७२/७३ मा ८५.८२ प्रतिसत लगानी भएको थियो ।

आव २०७१/७२ मा वाल विवाहरुको संस्था २७ भएको पाईयो जुन अघिल्लो आवमा १८ थियो । गत आ.व. २०७१/७२ मा जेष्ठ नागरिक, एकल महिला, विधवा, अपाङ्ग, दलित वालवालिकाहरु क्रमशः ९६६४, २०, ९१९३, ८२१ र ५२५ थिए भने यस आ.व. २०७२/७३ मा तीनको संख्या क्रमशः २९२२६, २४५६६,१३९३ र ५१७ तथा ६० वर्ष नाघेका दलित जेष्ठ नागरिकहरु ४९२ र ८० लोपोन्मुख जातीका नागरिकहरु भएको पाईयो र ती सवैले तोकिएको सुविधा (भत्ता तथा उपचार खर्च) प्राप्त गरेका थिए ।

आव २०७२/७३ मा कूल ५१७ छात्रवृत्ति वितरण भयो । लक्षित वर्ग उत्थान कार्यक्रम अन्तर्गत सञ्चालिक कार्यक्रमहरु मध्ये ५०.६७ प्रतिसत महिला, ३३.३३ प्रतिसत आदीवासी जनजाती र १६ प्रतिसत बालबालिका लक्षित कार्यक्रमहरु कार्यान्वियन भए ।

जिल्लामा कुल १२८३३ बाल श्रमीक रहेका छन जस मध्ये ५७.५२ प्रतिसत बालक र ४२.७८ प्रतिसत बालिका भएको पाईयो । गत आव २०७१/७२ मा कूल १२५९१ बाल श्रमीक मध्ये वालक ५७.२९ प्रतिसत र बालिका ४२.७१ प्रतिसत थिए ।

**गरिवी निवारणको प्रयासहरु**

जिल्लमा आव २०७२/७३ मा कूल ९३६ योजनाहरु सञ्चालन भए जस मध्ये ५२.२४ प्रतिसत पुर्वाधार विकास र ४७.७६ प्रतिसत सामाजिक विकासका योजना थिए भने आव २०७१/७२ मा कूल ९६४ योजनाहरु सञ्चालन भएकोमा ६३.३८ प्रतिसत पुर्वाधार विकास र ३६.६२ प्रतिसत सामाजिक विकासका योजना थिए ।

**क) पुर्वाधार विकासः**

जिविसले आव २०७२/७३ मा सञ्चालन गरेका कूल ४८९ पुर्वाधार विकासका योजनाहरु मध्ये २६.४ प्रतिसत सडक, १६.४ प्रतिसत भवन मर्मत, ९.६ प्रतिसत खानेपानी, १३.१ प्रतिसत सौर्यवत्ति, ७.६ प्रतिसत अन्य भवन योजनाहरु रहेका थिए । जुन अघिल्लो आवमा क्रमशः ५९.१, १३.५२, ११.४४, ५.२० र ० प्रतिसत थिए ।

**ख) सामाजिक विकासः**

जम्मा ४४७ सामाजिक विकासका आयोजनाहरु मध्ये २०.४ प्रतिसत ऐतिहासिक संपदा संरक्षण/पर्यटन विकास, ११.१९ प्रतिसत विविध अन्य लक्षित समुह विकास, ७.३८ प्रतिसत शैक्षिक विकास, ९.४ प्रतिसत तालिम (कृषि व्यवसाय र पशुपालन, गैर कृषि क्षेत्र), सम्वन्धी तालिम, ७.६१ प्रतिसत विविध महिला लक्षित कार्यक्रमहरु थिए ।

**ग) रोजगारी प्रवर्द्धन**

जिविसले सञ्चालन गरेको विभिन्न पुर्वाधार विकासको कारण जिल्लामा विभिन्न सामाजिक आर्थिक विकासका कार्यहरु सञ्चालनमा आए । यस्ता कार्यक्रमहरुवाट ३५ वटा कृषि उद्यम विकास, २४ वटा पशु उद्यम विकास,

२२ कृषि सामग्री विक्रि र ८१ जनाले गैर कृषि क्षेत्र (पसल, मैन वत्ति, अचार, सिलाई, व्रिकेट) गरी जम्मा १६२ नागरिक स्वरोजगारी वनेको देखिन्छ । अप्रत्यक्ष रुपमा १२०० भन्दा वढी परिवार लाभान्वित भएको आकलन गरिएको छ ।

जिल्लामा १६ हजार प्लास्टिक टनेलमा गरेको गोलभेडा खेतीवाट २० हजार मे.ट. गोलभेडा उत्पादन भई ६० करोडको आम्दानी भएको, १५९७१ मे.ट. अन्य तरकारी उत्पादन भई ३९ करोड ९२ लाख आम्दानी भएको, २७५ टन च्याउ उत्पादन गरी ३ करोड ५० लाख आम्दानी भएको । त्यसै गरी १.२ मे.ट. मह उत्पादन भई ६० हजार आम्दानी, ३३७५ मे.ट. फलफुल उत्पादनवाट १३ करोड आम्दानी भएको छ ।

हाल सम्म कुल २४० गाई फार्म, ९२ बाख्रा फार्म र ५५ बंगुर फार्म दर्ता भएका छन् । जसवाट दूध उत्पादनमा ८.२९ प्रतिसत र मासु उत्पादनमा ६.४ प्रतिसतले वृद्धि भएको छ । व्यवसायिक पशुपालनवाट २३१२ मानिसरुले प्रत्यक्ष रोजगारी पाएकाछन् । गत आ.व २०७१/७२ मा जिल्लामा कूल ३ अर्व ८० करोड २६ लाख वरावरको पशु उत्पादन (दुध, मासु, फुल) भएको देखिन्छ ।

**३) विकासमा समान सहभागीताको क्षेत्र**

विभिन्न सरकारी निकायहरुले कुल जनसंख्याको औषमा ९.६३ प्रतिसत नागरिकहरुलाई सेवा प्रदान गरेको देखिन्छ । सवै भन्दा वढी सेवा ५६ प्रतिसत नागरिकहरुले जनस्वास्थ्य कर्यालयवाट लिए भने २०.२२ प्रतिसत नागरिहहरुले जिल्ला शिक्षा कार्यालय, स्थानीय निकायहरुवाट ७.३२ प्रतिसत नागरिकले सेवा लिए । कुल सेवाग्राही मध्ये ४६ प्रतिसत महिला, ४.७२ प्रतिसत दलित, ५२.०५ प्रतिसत जनजाती र ३४.०९ प्रतिसत अन्य जातका नागरिकहरु थिए ।

**४) सेवाहरुमा पहुँचको क्षेत्र**

**क) स्वास्थ्य सेवामा पहुँच**

आर्थिक वर्ष २०७१/७२ मा कुल ९२२०३१ नागरिकहरुले ओपिडि सेवा लिएकोमा गत आव २०७२/७३ मा ९४०५८३ जनाले, आव २०७१/७२ मा ५२० महिला र ५८४ पुरुषहरुले स्थाई परिवार नियोजन गरेकोमा आव २०७२/७३ मा क्रमशः ५२० र ५८३ महिला तथा पुरुषले स्थाई परिवार नियोजन गरे । आव २०७१/७२ मा ५२३६१३ जनाले अस्थाई परिवार नियोजनको सेवा लिएकोमा आव २०७२/७३ मा ५५८५२० जना भएको पाईयो ।।

आव २०७०/७१ र आव २०७१/७२ मा सरकारी अस्पताल ११, प्राथमीक स्वास्थ्य केन्द्र ८, स्वास्थ्य चौकी ५८ रहेकाछन् । नीजि क्लिनिक, नर्सिङ्ग होम, प्राईभेट अस्पताल, एन.जी.ओ, आई.एन.जी.ओ अस्पताल आदी गरी कुल १००८ स्वास्थ्य संस्था भएकोमा आव २०७०/७१ मा यिनीहरुको संख्या १०१६ थियो ।

**ख) शिक्षा सेवामा पहूँच**

काठमाण्डौ जिल्लामा ३२६ बालविकास केन्द्र र प्राथमीक देखि दश जोड दुई सम्मका जम्मा १३९९ विद्यालयहरु रहेकाछन् । गत आव २०७१/७२ मा क्रमशः २७३, १६२,७६७ र १६८ प्राथमीक निम्न माध्यामिक माध्यामिक

उच्च माध्यामीक विद्यालयहरु भएकोमा आव २०७२/७३ ती संस्थाहरुको संख्या क्रमशः २९३, १७३, ७६४, १६९ छन् । प्राथमीक देखि दश जोड दुई सम्मका विद्यार्थि संख्या ३०४४९९ रहेकाछन् । बालविकास केन्द्र मा ५०५७४ बालवालिका, प्राथमीक विद्यालयमा १४३८५३, निम्न माध्यामिक विद्यालयमा ८३०५८, माध्यामिक विद्यालयमा ५०५९१ र उच्च माध्यामीक विद्यालयहरुमा २६९९७ विद्यार्थि रहेकाछन । प्रति विद्यालय २१७ विद्यार्थि भएकोमा प्राथमीक विद्यालयमा ४८८, तथा निम्न माध्यामिक विद्यालयमा ४८०, मा.वि.मा ६६ र उच्च मा.वि.मा १६० विद्यार्थि छन् प्रति बालविकास केन्द्रमा १५३ बालबालिका छन् ।

### ग) कृषि सेवामा पहूँच

काठमाण्डौ जिल्लामा जम्मा छ वटा कृषि सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले शालाखाला ९ वटा गाविसका/नगरपालिका वार्डका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र कृषि सेवा केन्द्र सम्म पुग्न नागरिकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १ घण्टा ३० मिनेटमा सेवा लिन सक्ने अवश्था देखिन्छ ।

### घ) पशु सेवामा पहूँच

काठमाण्डौ जिल्लामा जम्मा १० वटा पशु सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले औषत ५.५ वटा गाविसका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र पशु सेवा केन्द्र सम्म पुग्न कृषकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १.५ घण्टामा सेवा लिन सक्ने अवश्था देखिन्छ ।

### (ङ) अन्य सेवाहरुमा पहूँच

जिल्लामा रहेका महिला वालवालिका कार्यालय, डिभिजन सिंचाई कार्यालय, भु–संरक्षण कार्यालय, मध्यमाञ्चल खानेपानी तथा सरसफाई सुपरिवेक्षण तथा अनुगमन कार्यालय, वन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, वन तथा भू–संरक्षण कार्यालय, नगरपालिकाहरु र गैर सरकारी कार्यालयहरुले पनि आ–आाफ्नो कार्य क्षेत्र अनुसार नागरिकहरुलाई सेवा प्रदान गर्ने गरेकाछन् ।

### विकासका कार्य सञ्चालन गर्न आई परेका समश्याहरुः

स्थानीय निकायमा लामो समय देखि निर्वाचित जनप्रतिनिधि नहुदा अर्थपेर्ण विकास कार्यले गति लिन सकेको छैन । गैससहरुले जिविस संग समन्वय गरी कार्य गरेको भए पनि यतार्थमा कति लगानी भएको छ भन्ने अभिलेख जिविसमा छैन । जिल्ला विकास समितिको आन्तरीक आम्दानीका स्रोतहरुमा संकुचन आएको र नगरपालिका तथा जिविस विचको सम्वन्धमा स्पष्टता नभएको । विभिन्न निकायहरुवाट ईजाजत लिई सञ्चालनमा आएका उद्योग हरुले कच्चा पदार्थ ल्याउने स्रोतको वातावरणीय प्रभाव मुल्याङ्कन नगरेकोले ठेक्का व्यवस्थापनमा कठीनाई भएको । सवै किसिमको कार्यहरु एकै पटक सञ्चालन हुन पुगेकोले प्राविधिक जनशक्तिको अभाव भएको । एउटै कार्यक्रममा विभिन्न निकायबाट हुने सहयोगलाई एकिकृत गर्न नसक्नु । जिविस मार्फत सञ्चालन हुने गरी अन्य निकाय तथा मन्त्रालयहरुवाट प्राप्त हुन शसर्त बजेट तथा कार्यक्रम कार्यान्वयनमा कठीनाई आदी मुख्य समस्या देखा परेका छन् ।

सुझावहरु:

१. सामाजिक विकासमा ठूलो योगदान पुर्याउने, शहर र गाउँ विचको व्यापार सन्तुलन ल्याउन सहयोग गर्ने कृषि क्षेत्रका आवस्यक गर्ने सेवा सुविधाहरु अझै पुग्न नसकेको अवस्थामा, नागरिकहरुको सहज पहुँच पुग्ने गरी सेवा केन्द्र तथा त्यहाँ काम गर्ने प्राविधिक कर्मचारीहरुको संख्यात्मक तथा गुणात्मक सुधार ल्याउन जरुरी छ । यसका लागि स्थानीय निकायहरुले सेवा केन्द्र तथा प्राविधिकहरुको व्यवस्था गर्न स्रोत परिचालन गर्नुपर्ने देखिन्छ ।
२. जिल्लामा नागरिकहरुको माग अनुसारको विकास योजना सञ्चालन गर्नु पर्ने अवस्थामा जिविसको आम्दानी कम हुदै गएकोले जिविसले आफ्नो आन्तरीक आय वढाउनको के के गर्न सकिन्छ भन्ने कुराको अध्ययन गरी अध्ययनको सुझावलाई कार्यान्यिन गरी आन्तरीक आय वढाउनु जरुरी छ ।
३. भुकम्पले क्षती पुर्याएका संरचनाहरुको पुर्ननिर्माणको कार्यलाई आवस्यक पर्ने स्रोत र साधनको खोजी गर्न जिल्लामा कार्यरत सवै सरकारी, गैर सरकारी, नीजि, विकास साझेदार निकायहरुको वैठक गरी आवस्यक आर्थिक तथा प्राविधिक स्रोत र साधनको व्यवस्थापन गर्नु आवस्यक छ ।
४. विकासको लागि तथ्याङ्कहरुको अति आवस्यकता छ । यसले स्थानीय विकासको आवस्यकता पहिचान गर्न, स्रोत र साधनको खोजी गर्न र विकास कार्य सञ्चालन गर्ने नीति तथा रणनीति तयार गर्न सहजीकरण गर्दछ । यसका लागि जिल्लामा कार्यरत सवै संघसंस्थाहरुले अभिलेखिकरण गर्ने तथ्याङ्कमा एकरुपता हुनु आवस्यक छ । यसका लागि जिविसले जिल्लामा कार्यरत सवै संघ, संस्थाहरुलाई आफूले उपयोग गर्ने गरेको डिपिमास सूचना प्रणालीमा तथ्याङ्क संकलन, भण्डारण तथा उपयोग गर्न अनिवार्य गर्नुपर्ने देखिन्छ ।

# अध्ययायः १ भुमीका

## *१.१ सामाजिक परीक्षण परिचय*

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले स्थानीय निकायहरुलाई स्थानीय सरकारको रुपमा स्वीकार गरेको छ । सहभागिता, पारदर्शिता, जवाफदेहिता र कानूनी राजको विकास गर्न आधारशीलाहरु तयार गर्नेतर्फ क्रियाशील गराउनको लागि यी ऐन र नियमावलीले सवै भन्दा तल्लो तहको सरकाको रुपमा गाउं विकास समिति ⁄नगरपालिका र जिल्ला तहमा जिल्ला विकास समितिलाई आ–आफ्नो अधिकार र कर्तव्य वाँडफाँड गरी कानुनी मान्यता समेत स्थापित गरेको छ । नागरिकहरुलाई विकासका कार्यहरुमा वढि जिम्वेवार वनाउन र संलग्नता सुनिश्चित गर्ने, पारदर्शिता कायम गर्ने र जिम्वेवारी सुदृढपार्ने अवस्था सिर्जना हुने व्यवस्था मिलाएको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यहि ऐन र नियमावलीलाई आधार मानि स्थानीय निकायलाई नियमन गर्न र उनीहरुको भूमीकालाई शशक्त वनाउन विभिन्न नीति, कार्यविधि, दिग्दर्शन तथा मार्ग निर्देशनहरु तयार गरी स्थानीय निकायको कामलाई सरलिकृत गर्दै आएको छ । स्थानीय निकायहरुले वर्षभर के कस्ता विकासका कार्यहरु गरे, ती कार्यहरुमा आम नागरिकको के कस्तो वुझाई छ, ती कार्यक्रमहरुले उनीहरुको जीवनस्तरमा के कस्ता सकारात्मक⁄नकारात्मक प्रभाव परे, त्यसको आकलन गरी भावि रणनिती र कार्यनिती तयार गर्न सहजीकरण गर्नको लागि के कस्ता कार्यहरु गर्नु पर्दछ जस्ता विषयहरुको अध्ययन गर्न सामाजिक परिक्षण गर्न निर्देशिका तयार गरी लागु भएको छ ।

## *१.२. सामाजिक परिक्षणको औचित्य*

नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६८।१।१२ को निर्णयानुसार स्वीकृत स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७ मा उल्लेख भए वमोजिम स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य लाई व्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ तर्जुमा गरी कार्यान्वयन भई आएको छ ।

जिल्ला विकास समिति काठमाण्डौले आफ्नो सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न यसले गरेको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु यस अध्ययनको मूल उदेश्य रहेकोछ । स्थानीय निकायहरुले गर्ने सामाजिक परक्षिण विधि र प्रकृयालाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्नु पनि यसको अर्को उदेश्य हो ।

स्थानीय निकायहरुले एक आर्थिक वर्ष भित्र कार्यान्वयन गरेका कार्यक्रम र तीनले जिल्लाको समग्र सामाजिक विकासमा भएका उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण अनिवार्य गर्ने व्यवस्था रहेको छ र यसलाई स्थानीय निकायहरुको न्यूनतम सर्त तथा कार्य सम्पादन मापन कार्यविधिमा समेत समावेश गरिएको छ । स्थानीय निकायहरुलाई ऐन तथा नियमावली तोकेको सामाजिक जिम्मेवारी, सो जिम्वेवारी पुरा गर्न संचालन गरिएका कार्यक्रम, र योजनाहरुले समाजमा पारेको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकको लाई आधारमानी लेखाजोखा गर्न व्यवहारिक र सैद्धान्तिक पक्षलाई पनि एकाकार गर्ने व्यवस्था छ । सामाजिक

परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गरिसक्नु पर्ने हुन्छ तर कुनै कार्यक्रम/ आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन भनिएको छ ।

विकासका लागि क्रियाशील सम्वन्धि सरकारी निकायमा दर्ता भएको गैर सरकारी संस्था र अन्य सार्वजनिक संस्थाहरूले पनि समाजिक परीक्षण गर्दा यसै विधिको प्रयोग गर्न सक्नेछन् र सो गर्न गराउन स्थानीय निकायहरूले समन्वय र सहयोग गर्न पनि यसले व्यवस्था गरेको छ ।

### *१.३ काठमाण्डौ जिल्ला र जिल्ला विकास समिति काठमाण्डौ*

मध्यमाञ्चल विकास क्षेत्रमा अवस्थित यो जिल्ला देशको राजधानी हो । जिल्लाको कुल क्षेत्रफल ३९५ वर्ग किलोमिटर रहेको यो जिल्ला समुन्द्र सतह देखि १२६२ मीटर देखि २७३२ मीटर उचाईमा रहेकोछ । जिल्लाको पूर्वमा भक्तपुर तथा काभ्रेपलाञ्चोक, पश्चिममा धादिङ्ग र नुवाकोट, उत्तरमा नुवाकोट र सिन्धुपलाञ्चो तथा दक्षिणमा ललितपुर र मकवानपुर जिल्लाहरुको रहेकाछन् । जिल्लामा जम्मा १० निर्वाचन क्षेत्र, १५ ईलाका, १ महानगरपालिका, १० नगरपालिका रहेका छन् । राष्ट्रिय जनगडना २०६८ का आधारमा हाल जिल्लामा जम्मा घरधुरी संख्या ४५३६४२, १०४११०८ महिला र १०००२८० पुरुष गरी कुल जनसंख्या २०४१३८८ रहेको छ । साक्षरता प्रतिसत ८३, औषत परिवार संख्या ४, जनसंख्या वृद्धिदर ४.९ र जनघनत्व ४४१६ प्रति वर्ग किलोमिटर रहेकोछ ।

स्थानीय स्वायत्त शासन ऐन र निक्षेपण कार्यविधि अनुसार हाल सम्मको लागि जिल्ला विकास समिति जिल्ला सरकारको रुपमा रहेको र विभिन्न विषयगत कार्यालयहरुलाई समन्वयकारी भूमीका द्धारा उनीहरुको कार्यहरुलाई समेत सहजीकरण गर्ने जिम्वेवारी पनि जिविसमा प्रदान गरिएको छ । विकासको कार्यहरुलाई समन्वय र सहजीकरण गर्न गैर सरकारी संस्थाहरुलाई नियमन परिचालन गरी उनीहरुको कार्यलाई समेत मुल प्रवाहीकरण गर्दे एकिकृत जिल्ला विकास गर्ने कार्यमा जिविस काठमाण्डौ सक्रिय रहदै आएको छ । जिल्ला कृषि, पशुसेवा, वन, घरेलु तथा साना उद्योग, शिक्षा, महिला वालवालिका, मध्यमाञ्चल खानेपानी तथा ढलनिकास सुपरिवेक्षण तथा अनुगमन, डिभिजन सिंचाई, जलउत्पन्न प्रकोप नियन्त्रण तथा विभिन्न गैर सरकारी निकायहरुको सयुक्त प्रयासमा जिल्लामा विकासका कार्यहरुलाई गति दिदै आएकाछन् । विकास कार्यमा जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता स्थापित गराउन जिविसले विभिन्न पुर्वाधार तथा सामाजिक विकासका योजनाहरु सञ्चालन गर्दे आएकोछ छ र हरेक वर्ष वार्षिक रुपमा सामाजिक परीक्षण कार्य सम्पन्न गर्दे आएको छ ।

### *१.३. सामाजिक परिक्षणको उदेश्य*

- काठमाण्डौ जिविसले गत आवमा गरेका कामहरु कत्तिको पारदर्शि ढंगले सञ्चालन भए त्यसको लेखाजोखा गर्ने ।
- काठमाण्डौ जिविसले गत आवमा के के काम गर्‍यो र त्यसवाट सामाजिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पार्‍यो त्यसको अध्ययन गर्ने ।
- सामाजिक परिक्षण कार्यक्रमले जिल्ला भित्र रहेका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रले कसरी अभ्यास गरेकाछन भन्ने कुराको लेखाजोखा गर्ने ।
- अध्ययनको आधारमा आगामी दिनहरुमा कसरी कामलाई अगाडी वढाउनु पर्छ भन्ने सिफारिस गर्ने ।

### *१.४. सामाजिक परीक्षणको विषयगत क्षेत्र*

यस अध्ययनको लागी निम्न विषयगत क्षेत्रहरुलाई आधार मानिएको थियो ।

१.४.१ बालबालिका, महिला तथा समावेशी क्षेत्र ।
१.४.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र ।
१.४.३ सामाजिक विकास (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई) मा समान सहभागीताको क्षेत्र ।
१.४.४ सेवाहरुमा पहुंचको क्षेत्र ।

## अध्ययायः २ अध्ययन विधि र प्रकृया

यस सामाजिक परीक्षण कार्यको लागि एन.ई.पि.सि. रिसर्च प्रा.लि.ले अनुसन्धानात्मक ढंगले तपसिलका विधिहरू अपनाएको थियो ।

### *२.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा*

अध्ययन टोलीले स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत), कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सामाजिक उपलब्धि,सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य सान्दर्भिक सामाग्रीहरु संकलन गरी त्यसको अध्ययन, विश्लेषण, समिक्षा र विश्लेषण गरिएकोछ ।

### *२.२ सम्वन्धित अधिकारीहरु संग छलफल*

सामाजिक परीक्षण कार्यलाई सम्पन्न गर्न अध्ययन टोलीका सदस्यहरुले जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल गरी सान्दर्भिक सूचनाहरु संकलन गरेको थियो । यो विधिले अध्ययन टोलीलाई सामाजिक परीक्षण र यसको सान्दर्भिकता, उपादयता तथा थप गहिराईमा पुग्न र विश्लेषणका आधार तयार गर्न मार्ग प्रसस्त गरेको थियो ।

### *२.३ प्रश्नावलीको तयारी*

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरी स्थानीय निकायहरुलाई अनिवार्य गरेको सामाजिक परीक्षणको लागी तयार गरेको कार्यनिर्देश शर्तको आधार, सन्दर्भ सामग्रीहरुको अध्ययन, विश्लेषण, विभिन्न वेव साईटहरुको अवलोकन, समीक्षा तथा जिल्ला विकास समिति काठमाण्डौका सम्वन्धित अधिकारीहरु संग छलफल गरिसकेपछि विभिन्न अलग अलग सरोकारवालाहरुको लागी अलग अलग प्रश्नावली तयार गरिएको थियो । तयार गरिएको प्रश्नावली सुचना संकलन गर्नु भन्दा पहिले जिल्ला विकास समितिका सम्वन्धित अधिकारीहरुवाट अनुमोदित गरिएको थियो ।

### *२.४ अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल*

जिविस काठमाण्डौले अनुमोदन गरेको प्रश्नावलीको प्रयोग गरी काठमाण्डौ जिल्ला विकास समिति र विषयगत कार्यालयहरू लगायत सम्वन्धित गैर सरकारी संस्थाहरुका सम्वन्धित अधिकारीहरु संग सुचना संकलन गर्न अन्तवार्ता, छलफल र अन्तकृया गरिएको थियो । अन्तवर्ताले समेट्न नसकेका विषय वस्तुहरुलाई सम्बन्धित कर्मचारीहरू तथा लाभान्वित वर्गहरुको सानो समूह बनाई समूह छलफल समेत गरिएको थियो तथा स्थलगत निरिक्षण र अवलोकन समेत गरिएको थियो । विकासका योजनाहरु सञ्चालनको प्रक्रिया, योजना सञ्चालन गर्दाका सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत बुँदागत रूपमा समूह छलफल गरिएको थियो यसका सन्दर्भमा सामाजिक परिक्षण कार्यविधिको अनुसूची २ र ३ लाई आधार मानिएको थियो ।

सूचना संकला गदाए निम्न विषयवस्तु लाई समेटिएको थियो :

- बालबालिका, महिला तथा समावेशी क्षेत्र ।

- जनचेतना तथा गरिवी निवारण क्षेत्र ।
- सामाजिक विकास (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई) मा समान सहभागीताको क्षेत्र ।
- सेवाहरुमा पहुंचको क्षेत्र ।

यसका अतिरिक्त निम्न विषयहरुलाई पनि सुचना संकलनमा समावेस गरिएको थियो ।

- कार्यक्षेत्रको परिचय
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरू को आधारमा प्रस्तुत गर्ने )
- स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू
- गतवर्षको मुख्य मुख्य उपलब्धिहरू
- समस्याहरू
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

एन.ई.पि.सि. रिसर्च प्रा.लि.ले सामाजिक परीक्षण कार्यविधिमा उल्लेख भए वमोजमको आचार संहिता पालना गरी कार्य सम्पन्न्न गरेको छ । अध्ययन गर्दा विषयवस्तुमा मात्र केन्द्रित भएको, तथ्यांक र सूचनालाई आधार मान्ने, सहभागीहरूले व्यक्त गरेका विचारहरुलाई प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिई उनीहरुलाई धन्यवाद दिईएको, निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगरिएको तथा व्यक्तिगत आक्षेप लगाउने कार्य गरिएन । त्यसै गरी व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने, सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने, आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने, बीचमा अर्काको कुरा नकाट्ने आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने वोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने जस्ता कुराहरुलाई पालना गरिएको थियो ।

### *२.५ प्रतिवेदन प्रस्तुति तथा छलफल*

सामाजिक परिक्षण कार्यविधिको अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरी सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको थियो ।

- जिविसको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता, वालवालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता ।
- जिविसले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव सुचकको आधारमा जिविसले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति स्थानीय निकायले समयमा सेवा सुविधा दिन सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू ।
- सामाजिक उत्तरदायित्व पूरा गर्न जिविसको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू ।

- जिविसले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर

### *२.६ प्रारम्भिक प्रतिवेदन तयारी*

जिल्ला विकास समितिका पदाधिकारीहरु संगको छलफल, अन्तवार्ता, समुह छलफल, सन्दर्भ सामग्रीहरुको अध्ययन, तथा सरोकारवालाहरुको वैठक र ती वैठकमा दिईएका सुझावहरु समेतलाई समेटेर प्रतिवेदन तयार गरिको छ । अध्ययनको क्रममा तपसिल प्रतिवेदनहरु निम्न समय रेखामा पेस गरिएको थियो ।

### *२.७ अध्ययनको समय रेखा*

उल्लेखित कार्य २०७३ आश्विन ६ वाट शुरु भएको थियो र २०७३ कार्तिक मसान्त सम्ममा सम्पन्न भएको थियो । यसका लागी निम्न तालिका अपनाईएको थियो ।

| क्रस | क्रियाकलाप | सम्पन्न गरेको मिति २०७३ | कैफियत |
|---|---|---|---|
| १ | सन्दर्भ सामग्रीहरुको अध्ययन | असोज ६ देखि १२ सम्म | |
| २ | सुचना संकलन गर्ने प्रश्नावली तयारी | असोज १३ देखि १५ सम्म | |
| ३ | जिविस तथा विषयगत सरकारी कार्यालयका प्रमुख वा प्रतिनिधिहरु संग अन्तवार्ता र समुह छलफल । | असोज १६ देखि २१ सम्म | |
| ४ | सन्दर्भ सामग्रीहरुको अध्ययन, अन्तवार्ता र समुह छलफलवाट आएका सुचनाहरुको समायोजन र प्रारम्भिक प्रतिवेदन तयारी । | असोज २२ देखि कार्तिक १२ सम्म | |
| ५ | तयार भएको प्रतिवेदन सम्पुर्ण सरोकारवालाहरु समक्ष प्रस्तुतीकरण । | कार्तिक २६, २०७३ | |
| ६ | सरोकारवालाहरुले सुझाएका सुझाव तथा प्रतिक्रियाहरुलाई समेत सम्वोधन गरि अन्तिम प्रतिवेदनको तयारी । | कार्तिक २७ देखि २९ कार्तिक २०७३ | |
| ७ | अन्तिम प्रतिवेदन जिविसमा पेस । | कार्तिक ३०, २०७३ | |

# अध्ययाय ३ अध्ययनको परिणाम र विश्लेषण

## *३.१ महिला, बालबालिका तथा समावेशी क्षेत्र*

### क) स्वास्थ्य क्षेत्र

तालिका १ अनुसार काठमाण्डौ जिल्लामा कुल घरधुरी संख्याको ९४.६७ प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवश्था देखिएको छ जुन गत आवमा ९४.३२ प्रतिसत थियो । यस्तो सुधार आउनुमा सडक सुधार, मर्मत सम्भार, कल्भर्ट निर्माण तथा थप सडक निर्माण जस्ता कारणहरु पाईयो ।

पांच वर्ष मुनिका बालबालिकाहरुको प्रतिसत ८.४ प्रतिसत भएको देखिन्छ जुन गत आवमा १२.१७ प्रतिसत थियो । खोप कार्यक्रममा जनचेतना अभिवृद्धि र राष्ट्रिय खोप अभियानको कारण खोपमा पहुच भएको जनसंख्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) १०० प्रतिसत भएको पाईयो जुन गत आवमा पनि सोही थियो । ४ पटक गर्ववती जाँच गरिएको महिलाको प्रतिसत गत आव २०७१/७२ मा ५४ प्रतिसत भएकोमा यस बाट वढेर यस आव २०७२/७३ मा ५९.२३ प्रतिसत पुगेको देखिन्छ ।

आव २०७१/७२ मा दक्ष प्रसुतीकर्मीबाट प्रसुती गराउने महिला ८३.०५ थिए भने आव २०७२/७३ मा ८६.५१ प्रतिसत पुगेको छ र त्यसै गरी २०७१/७२ मा ५३.४० प्रतिसत नागरीकहरुले हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिएका थिए भने यस वर्ष ५३.८९ प्रतिसतले मात्र हेल्थपोष्ट वा सव हेल्थपोष्ट वाट सेवा लिएका छन् भने परिवार नियोजनका साधनहरुको प्रयोग गर्नेहरु २६ प्रतिसत छन् । नागरीकहरु आफ्नो नजिकमा रहेको नीजि अस्पताल वा आउट रिच क्लिनीकहरुवाट सेवा लिने अवस्था रहदा रहदै पनि विश्वासका कारण हेल्थपोष्टबाट सेवा लिन नागरिकहरु रुचाउछन् । जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्यकर्मीको व्यवस्था, सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय विचको समन्वय, सहकार्य तथा सामाजिक परिचालन अन्तर्गत आम नागरिकको सहभागिता आदी प्रयासहरुवाट यस्ता सकारात्मक परिणामहरु आएको पाईन्छ ।

**तालिकाः १ स्वास्थ्य क्षेत्रको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | ४११५६८ | ९४.३२ | नयां सडक निर्माण, सडक मर्मत | ४१३०९२ | ९४.६७ |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | २१२१९२ | ८.४ | खोप कार्यक्रममा विस्तार, परिवार नियोजनको साधनहरुको प्रयोगमा | २१२१९२ | १२.१७ |

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| | | | विस्तार | | |
| खोपमा (विसिजि) पहुच भएको जनसंख्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) प्रतिसत | ४७३८९ | १०० | खोप कार्यक्रममा जनचेतना अभिवृद्धि | ४७३८९ | १०० |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | २८३४८.६ | ५४.०० | स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य स्वंसेवीकालाई तालिम । | २८०६९ | ५९.२३ |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ३९६७६.६ | ८३.०५ | जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य स्वंसेवीकालाई तालिम, स्वास्थ्य संस्थामा प्रसुति भत्ता वितरण । | ४०९९७ | ८६.५१ |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | १३६ | | जनचेतना | १३६ | ० |
| विभिन्न स्वास्थ्य संस्था (सव हेल्थपोष्ट, हेल्थपोष्टबाट, क्लिनिक, अस्पताल, नसिंङ्ग होम) सेवा लिने घरधुरी परिवार संख्या | २३१७८६ | ५३.४ | जनचेतना, सडक मर्मत, निर्माण, सेवा र सुविधामा विस्तार, सामाजिक परिचालन व्यवस्था । | २३५१४६ | ५३.८९ |
| परिवार नियोजनका साधनहरुको प्रयोग गर्नेहरु | | २६ | साधनहरुको वितरण | | २६ |

*स्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ, आ.व २०७१/७२ र आ.व २०७२/७३*

## ख) शिक्षा क्षेत्रको अवस्था :

तालिका २ अनुसार, पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर आव २०७१/७२ मा २४.२० प्रतिसत भएकोमा आव २०७२/७३ वढेर २४.३१ प्रतिसत भएको पाईयो । कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा ९४.२ वाट बढेर ९५.४५ प्रतिसत पुगेको छ । प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोऱ्याउने दर (प्रतिसत) २.५६ वाट घटेर २.३५ प्रतिसत पुगेको छ कक्षा उत्तिर्ण हुने दर ९७.४४ प्रतिसतवाट वढेर ९७.६५ प्रतिसत पुगेकोछ । आव २०७१/७२ मा प्राथमिक तहमा तालिम प्राप्त शिक्षकको प्रतिसत ८९.०३ प्रतिसत भएकोमा आव २०७२/७३ मा ८७.१४ प्रतिसत भएको पाईयो । यसरी तालिम प्राप्त शिक्षकहरुको प्रतिसत कम हुनुमा सो हुनुमा राहत कोटामा भएको वृद्धि र र नव नियुक्त शिक्षकहरुको संख्या वढ्नु देखिन्छ । प्रति कक्षा कोठा विद्यार्थी संख्या आ.व. २०७१/७२ को २७.०९ भएकोमा यो ३७.७ प्रतिसत पुगेको देखियो ।

विभिन्न सूचना सहितको क्यालेण्डर प्रत्येक विद्यालयमा पठाउनु, विद्यालय व्यवस्थापनमा सुधार, गृहणी, खुला तथा वैकल्पिक विद्यालयको व्यवस्था, महिला तथा दलित छात्रवृत्तिको व्यवस्था, विद्यालय मर्जरमा लैजानु, जानकारी, थप कोठा निर्माण, त्रैमासिक रुपमा विभिन्न शैक्षिक समाचार र शैक्षिक क्रियाकलापहरु समावेश गरी प्रकासन तथा वितरण, निशुल्क पुस्तक वितरण, राट्रिय साक्षरता अभियान, अनौपचारिक शिक्षा, विद्यालय व्यवस्थापनमा सुधार अभिभावक शिक्षा, विद्यालय भवन मर्मत, सरकारी निकाय, स्थानीय निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्यले गर्दा यस क्षेत्रमा सुधार देखिएको हो ।

**तालिकाः २ शिक्षा क्षेत्रको अवस्था**

<table>
<tr><th rowspan="2">विवरण</th><th colspan="2">गत बर्षको अवस्था</th><th rowspan="2">प्रयास</th><th colspan="2">उपलब्धि</th></tr>
<tr><th>संख्या</th><th>प्रतिसत</th><th>संख्या</th><th>प्रतिसत</th></tr>
<tr><td>आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या</td><td>०</td><td>०</td><td></td><td>०</td><td>०</td></tr>
<tr><td>पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर</td><td>५१५५३</td><td>२४.२९</td><td rowspan="2">निशुल्क पुस्तक वितरण, राट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, गृहणी, खुला तथा वैकल्पिक विद्यालयको व्यवस्था, अनौपचारिक शिक्षा, महिला तथा दलित छात्रवृत्तिको व्यवस्था ।</td><td>५१५४३</td><td>२४.३१</td></tr>
<tr><td>प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत</td><td>५३४३</td><td>४.१४</td><td>५९९८</td><td>२.८३</td></tr>
<tr><td>कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा</td><td></td><td>९४.२</td><td></td><td>२०२५४१</td><td>९५.४५</td></tr>
</table>

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोऱ्याउने दर (प्रतिसत) | ४०८०.२ | २.५६ | निशुल्क पुस्तक वितरण, राष्ट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, गृहणी, खुला तथा वैकल्पिक विद्यालयको व्यवस्था, अनौपचारिक शिक्षा, महिला तथा दलित छात्रवृत्तिको व्यवस्था ।, विद्यालय भवन मर्मत, थप कोठा निर्माण । | ४०८० | २.३५ |
| कक्षा उत्तिर्ण हुने दर | १५९३६६ | ९७.४४ | शिक्षकहरुलाई तालिम, अभिभाभक शिक्षा, कक्ष कोठामा भौतिक सुविधा विस्तार, पाठ्य सामग्रीको थप व्यवस्था, समयमा पुस्तक वितरण । | १६९३६६ | ९७.६५ |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या ( प्रतिसत) | १९८४ | ८९.०३ | शिक्षकहरुलाई तालिम, अभिभाभक शिक्षा । | २०१५ | ८७.१४ |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | २७.०९ | | | ३७.७ | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०७१/७२ र आ.व २०७२/७३*

तालिका ३ मा उल्लेख भए अनुसार शिक्षा क्षेत्रको विकास र सवैलाई शिक्षा पुर्‍याउन विभिन्न तह र तप्काका नागरिकहरुको आवस्यकता अनुसार अवसर प्रदान गर्नको लागि जिल्लामा अन्य शैक्षिक क्रियाकलापहरु पनि सञ्चालन भएका छन् । खुला विद्यालय, अनौपचारिक प्राथमीक शिक्षा कार्यक्रम वैकल्पिक विद्यालय, गृहणी विद्यालय, र सामुदायिक अध्ययन केन्द्रहरु सञ्चालन गरी शिक्षामा पहुंच वढाउने कार्य गरिएको छ ।

### तालिकाः ३ अन्य शैक्षिक कार्यक्रमहरु

| किसिम | प्रा.वि | नि.मा.वि | मा.वि | उ.मा.वि | जम्मा |
|---|---|---|---|---|---|
| वैकल्पिक विद्यालय | ९ | ४ | १२ | ० | २५ |
| गृहणी विद्यालय | ५३ | १२ | ६ | ० | ७१ |

| किसिम | प्रा.वि | नि.मा.वि | मा.वि | उ.मा.वि | जम्मा |
|---|---|---|---|---|---|
| खुला विद्यालय | ० | ४ | ४ | ० | ८ |
| अनौपचारिक प्राथमीक शिक्षा कार्यक्रम | २० | ० | ० | ० | २० |
| सामुदायिक अध्ययन केन्द्र | जम्मा ३५ | | | | ३५ |
| कुल जम्मा | | | | | १५९ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, २०७२/७३

## ग) खानेपानी तथा सरसफाई

तालिका ४ अनुसार आव २०७१/७२ मा ९५.५१ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध थियो भने आव २०७२/७३ यो सुविधा ९६.०३ प्रतिसत नागरिकहरुलाई पुगेकोछ । त्यसै गरी गत वर्ष २०७१/७२ मा ९२.१६ प्रतिसत नागरिकहरुलाई शौचालयको सुविधा भएकामा यस आवमा ९४.१६ प्रतिसतलाई यो सुविधा पुगेकोछ । गत आवमा खानेपानीको सेवा उपलब्ध भएका प्राथमीक विद्यालयहरु ८९.५ प्रतिसत भएकोमा यस वर्ष ९०.७८ प्रतिसत पुगेको छ । शौचालयको सुविधा भएका प्राथमीक विद्यालयहरु गत आवमा ९१.९ प्रतिसत भएकोमा यस वर्ष पनि ९२.४९ प्रतिसत भएको छ ।  गत आवमा विनासकारी भूकम्पले भत्काएका खानेपानीका संरचनाहरु र शौचालयहरु पुननिर्माण भएकोले यसको प्रतिसत वढेको हो ।

खुल्ला दिशा मुक्त क्षेत्र घोषणा अभियान, नयां खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत, जनसहभागिता वढाउन सामाजिक परिचालन, स्थानीय निकाय, सरकारी निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्य र स्थानीय निकायहरुको सक्रियताका कारण खानेपानी र सरसफाईको क्षेत्रमा सुधार आएको देखिन्छ । आ.व. २०७२/७३ मा ३ वटा नगरपालिकाहरु खुला दिशामुक्त घोषणा भएकाछन् ।

### तालिकाः ४ खानेपानी तथा सरसफाई को अवश्या

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| स्वच्छ पानी पुगेको परिवार संख्या | ४१४६६४ | ९५.५१ | नयां खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत, जनसहभागिता वढाउन सामाजिक परिचालन, स्थानीय निकाय, सरकारी निकाय र गैर | ४१९०३० | ९६.०३ |

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| सौचालय भएको परिवार संख्या वा प्रतिशत | ४०६५१४ | ९२.१६ | सरकारी निकाय विचको समन्वय र सहकार्य । | ४१०८८० | ९४.१६ |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | ८९.५ | | २६६ | ९०.७८ |
| सौचालय भएको प्राथमीक विद्यालय संख्या | | ९१.९ | | २७१ | ९२.४९ |
| खुला दिशा मुक्त क्षेत्र घोषणा भएका गाविस/नगरपालिका | १६ | | | ३ नगरपालिक | |

*स्रोतः खानेपानी तथा ढलनिकास विभाग, क्षेत्रिय अनुगमन तथा सुपरिवेक्षण कार्यालय, आ.व २०७१/७२ र आ.व २०७२/७३, काठमाण्डौ*

### *३.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र*

जनचेतना तथा गरिवी निवारणको क्षेत्रमा आ.व. २०७१/७२ मा काठमाण्डौ जिल्लामा निम्न अनुसार कार्यक्रमहरु सञ्चालन गरिको थियो ।

गरीवसंग विशेश्वर कार्यक्रम मार्फत गत आ.व २०७१/७२ सम्म कायम भएका ५७ मध्ये १४ गाविसमा सामाजिक परिचालन गरी १५७ समुह गठन भई ती समुहहरु सक्रिय रहदै आएकाछन । ती समुहमा जम्मा २०७२/७३ सम्ममा २२१५ सदश्यहरु आवद्ध भएकाछन र रु १ करोड ७५ लाख ६८ हजार वचत संकलन भएको छ । गत आव २०७१/७२ मा वचत रकम रु १ करोड ५० लाख ७८ हजार ३३० मात्र थियो । कूल वचत मध्ये गत आव २०७२/७३ मा ८५.८२ प्रतिसत लगानी भएको थियो ।

## तालिकाः ७ सामाजिक परिचालन अन्तर्गत गरीव संग विशेश्वर कार्यक्रम

| क्र.स | कार्यक्रम लागु भएका गाविसहरु | समुह संख्या | सदश्य संख्या | वचत रकम रु ( हजारमा) | ऋृण लगानी (रु ह्जारमा) | समुह संख्या | सदश्य संख्या | वचत रकम रु ( हजारमा) | ऋृण लगानी (रु ह्जारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आव २०७०/७१ | | | | आव २०७१/७२ | | | |
| १ | मच्छेगाउं | २२ | २७३ | ४११८.४३ | २४४७.४० | २२ | २७३ | ४३५२.९२ | ४११८.४३ |
| २ | भिमढुङ्गा | ९ | १२५ | ६६७.९८ | ३८७.९० | ९ | १३५ | ९०८.१८ | ६६७.९८ |
| ३ | जितपुरफेदी | ११ | ११६ | ५७६.७८ | ४८७.११ | ११ | १२५ | ७०८.६९ | ५७६.७८ |
| ४ | इचंगुनारायण | ९ | १२९ | १४३३.२८ | ५४४.९२ | ९ | १२९ | १८३२.८७ | १४३३.२८ |
| ५ | काभ्रेस्थली | ८ | १२८ | १७३.४१ | १०४.४० | ८ | १५२ | ३२८.६० | १७३.४१ |
| ६ | झोर महांकाल | १० | १५६ | ३११.०५ | ७१२.४२ | १० | १८७ | ३२८.६२ | ३११.०५ |
| ७ | सेतीदेवी | १२ | १६३ | १६९६.१५ | १०५०.५७ | १३ | १६७ | १८७५.७२ | १६९६.१५ |

| क.स | कार्यक्रम लागु भएका गाविसहरु | समुह संख्या | सदश्य संख्या | वचत रकम रु ( हजारमा) | ऋण लगानी (रु ह्जारमा) | समुह संख्या | सदश्य संख्या | वचत रकम रु ( हजारमा) | ऋण लगानी (रु ह्जारमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | टोखा चण्डेश्वरी | ९ | ८१ | १९७.९१ | ९०.९१ | ९ | ८१ | ४२३.५६ | १९७.९१ |
| ९ | नयांपाटी | १० | १३४ | १५६६.९९ | ७८२.८१ | १० | १५२ | १८१७.०७ | १५६६.९९ |
| १० | गागालफेदी | ११ | १२८ | ५५२.४० | २८२.१५ | ११ | १४७ | ७१४.३५ | ५५२.४० |
| ११ | नाङ्गलेभारे | ११ | ११७ | ८०९.३५ | ४४०.९८ | ११ | ११३ | १०३५.८५ | ८०९.३५ |
| १२ | चाल्नाखेल | ११ | १५५ | १७५७.५० | १८१०.३२ | ११ | १५३ | १८१४.८४ | १७५७.५० |
| १३ | साङ्गला | ९ | १३५ | ४२२.४५ | ३६३.३१ | ९ | १३५ | ५२२.४५ | ४२२.४५ |
| १४ | जोरपटी | १४ | २६६ | ७९४.६७ | ६५८.१२ | १४ | २६६ | ९०५.०२ | ७९४.६७ |
|  | जम्मा | १५६ | २१०६ | १५०७८.३३ | १०१६३.३२ | १५७ | २२१५ | १७५६८.७३ | १५०७८.३३ |

*स्रोतः जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

### ३.२.३ सामाजिक विकृति निर्मुल

सामाजिक विकृति र विसङ्गति विरुद्धको अभियाननमा जिल्लमा विभिन्न सरकारी तथा गैर सरकारी संघ–संस्थाहरुले कार्य गर्दे आएकाछन् । जिविस काठमाण्डौ समन्वय र सहकार्यमा जिल्ला वाल कल्याण समिति, महिला वालवालिका कार्यालय, वाल क्लव, दलित, जनजाती संघ, सामाजिक परिचालकहरु, महिला सञ्जाल, तथा अन्य संघ संस्थाहरुले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दे आएको भेटियो । दर्ता भएका वा स्वस्फुर्त तरिकाले दर्ता नभैकन पनि गाउँ र टोल टोलमा सक्रिय भएका सामुदायिक संस्थाहरु, गैर सरकारी संस्था र अधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरुले मासिक वचत, तालिम, गोष्ठि, धार्मीक, साँस्कृतिक कार्यक्रम, घरदैलो कार्यक्रमहरु सञ्चालन गरी यस अभियानमा लागि परेको भेटियो । यसका अतिरिक्त सरकारी तथा अन्य निकायहरुवाट मनाईने दिवसहरु जस्तै महिला दिवस, बाल दिवस, शिक्षा दिवस, गणतन्त्र दिवस, प्रजातन्त्र दिवस तथा जनजाग्रीति कार्यक्रमहरु गरिएको पाईयो ।

विकासको क्षेत्रमा सक्रिय भएका विभिन्न सरोकारवाला संस्था तथा व्यक्तिहरुको छलफल तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा विगतका दिनहरुमा समाजमा सामाजिक भेदभाव, वहिष्कृतिकरण, छुवाछुत जस्ता असमानता र विकृतिहरुमा संख्यात्मक रुपमा वढेको पाईए पनि प्रतिसतको आधारमा निकै कम हुदै गएको विचार व्यक्त गरेका थिए । हालका दिनहरुमा विद्यालय देखिनै केटा केटीहरुको प्रेम चल्ने र कतिपयको यसै कारण विवाह हुने भएकोले कम उमेरमा विवाह हुने सख्या वढेको देखिन्छ । यसै गरी सुचना प्रविधिमा भएको विकास र ईन्टरनेट प्रयोगमा भएको वृद्धिले पनि महिला वेचविखन, सम्वन्ध विच्छेदका घटनाहरुमा सख्यात्मक वृद्धि भए पनि प्रतिसतको आधारमा भने न्युनीकरण हदै गएको पाईयो । यसको मुल कारणहरुमा काठमाण्डौमा देशका विभिन्न भागका नागरिकहरु तथा विदेशीहरु समेत वस्ने भएकोले विकृतिहरु रोक्ने प्रयासका वावजुद घटनाहरुमा कमी आउन नसकेको हो ।

समाजमा विकृती र विङ्गगतीहरु न्युनीकरण गर्ने खालका विविध कृयाकलापहरु सञ्चालन भएको भए पनि पनि छिटपुट रुपमा वाल विवाह तथा भेदभावको अवशेष रहेको भए पनि सुधारोन्मुख नै देखिन्छ । तालिका ८ अनुसार गत आव २०७१/७२ मा वाल विवाहरुको संस्था २७ भएको पाईयो जुन अघिल्लो आवमा १८ थियो ।

समाजमा छुवाछुत तथा सामाजिक भेदभाव अवशेषको रुपमा रहेको कुरा अन्दाजी २० प्रतिसत समुह छलफलका सहभागीहरुले वताएका थिए ।

**तालिका :८ सामाजिक विकृतिको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| बाल बिवाहको संख्या | १८ | | सामाजिक परिचालन, सरकारी, गैर सरकारी निकाय तथा स्थानीय निकाय विचको समन्वय र सहकार्य, राष्ट्रिय अभियान । | २७ | |
| छुवाछुत तथा सामाजिक भेदभाव | छुवाछुत तथा सामाजिक भेदभाव न्युन हुदै गएको । | | | छुवाछुत तथा सामाजिक भेदभाव न्युन हुदै गएको । | |

*स्रोतः वालवालिकाको लागि सहयोगी हात, काठमाण्डौ ।*

**३.२.४ सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) को यथोचित सम्वोधन**

जिविस काठमाण्डौ र स्थानीय निकायहरु लगायत महिला वालवालिका कार्यालय, विभिन्न गैर सरकारी संस्था, सामुदायिक संस्था, गठित विभिन्न समुहहरु, राजनैतिक दल आदी सामाजिक सुरक्षाको व्यवस्था वारे आम जनतामा चेतना फैलाउने कार्यमा लागी परेका पाईयो । स्थानीय निकायहरुले सामाजिक सुरक्षाको दायरामा पर्ने जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती जस्ता नागरिकहरुको तथ्याङ्क अद्यावधि गर्ने र सोको आधारमा योजना वनाई राज्यद्धारा प्राथमीकतामा राखेको सामाजिक सुरक्षा कार्यक्रमलाई यथोचित सम्वोधन गरेको पाईयो ।

स्थानीय निकायहरुले हरेक साल सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरुको तथ्याङ्क अद्यावधि गर्ने तथा लगत कट्टा समेत गर्ने गरेको देखियो । तालिका ९ अनुसार गत आ.व. २०७१/७२ मा जेष्ठ नागरिक, एकल महिला, विधवा, अपाङ्ग, दलित वालवालिकाहरु क्रमशः ९६६४, २०, ९१९३, ८२१ र ५२५ थिए भने यस आ.व. २०७२/७३ मा तीनको संख्या क्रमशः २९६१७, ३६८५, २०८८१, १३९३ तथा ६० वर्ष नाघेका दलित जेष्ठ नागरिकहरु ४९२ र ८० लोपोन्मुख जातीका नागरिकहरु भएको पाईयो र ती सवैले तोकिएको सुविधा ( भत्ता तथा उपचार खर्च) प्राप्त गरेको तथ्याङ्क छ ।

**तालिकाः १० सामाजिक सुरक्षाको अवश्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | जम्मा संख्या | समेटिएका संख्या | | जम्मा संख्या | समेटिएका संख्या |
| जेष्ठ नागरिक | ९६६४ | ९६६४ | गाविस तथा | २९६१७ | २९६१७ |

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | जम्मा संख्या | समेटिएका संख्या | | जम्मा संख्या | समेटिएका संख्या |
| ६० वर्ष नाघेका दलित जेष्ठ नागरीक | | | नगरपालिका र वार्ड तहमा जनचेतना कार्यक्रम सञ्चालन, घरधुरी सर्वेक्षण, राजनैतिक दल, सामाजिक कार्यकर्ता, गैसस तथा सामुदायिक संस्थाहरु संगको सहकार्यमा यथार्थ तथ्याङ्क संकलन, सामाजिक परिचालन । | ४९२ | ४९२ |
| एकलमहिला | २० | २० | | ३६८५ | ३६८५ |
| विधवा | ९१९३ | ९१९३ | | २०८८१ | २०८८१ |
| अपांग | ८२१ | ८२१ | | १३९३ | १३९३ |
| दलित बालबालिका | ५२५ | ५२५ | | ५१७ | ५१७ |
| लोपोन्मुख जाती | | | | ८० | ८० |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ २०७१/७२ र आव २०७२/७३ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

लक्षित वर्ग उत्थान कार्यक्रम अन्तर्गत सञ्चालिक कार्यक्रमहरु मध्ये ५०.६७ प्रतिसत महिला, ३३.३३ प्रतिसत आदीवासी जनजाती र १६ प्रतिसत बालबालिका लक्षित कार्यक्रमहरु कार्यान्वयन भए । यी कार्यक्रमहरुमा कम्पुटर तालिम, पत्रकारिता तालिम र आदीवासि जनजातीलाई स्वरोजगार मूलक तालिम, कृषि, पशुपालन, सिलाईकटाई, सामुदायिक भवन, वालक्लव सहयोग आदी कार्यक्रम सञ्चालनमा आएका थिए । यी सवै कार्यक्रमहरुले लक्षित वर्ग विकासका क्षेत्रमा सुधारका संकेतहरु देखा परेकाछन् ।

**तालिकाः ११ लक्षित वर्ग उत्थान सम्वन्धी कार्यक्रमहरु**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | समेटिएको कार्यक्रम संख्या | प्रतिसत | | समेटिएको कार्यक्रम संख्या | प्रतिसत |
| बालबालिका लक्षित | १०९ | २६.३९ | | २४ | १६.० |
| आदीवासि, जनजाती, उपेक्षित, उत्पिडित दलित वर्ग उत्थान | १७९ | ४३.३४ | कृषि, पशुपालन, कम्पुटर तालिम, पत्रकारिता तालिम | ५० | ३३.३३ |
| महिला | १२५ | ३०.२७ | | ७६ | ५०.६७ |
| कूल जम्मा | ४१३ | १००.० | | १५० | १००.०० |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आव २०७२/७३ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

**३.२.५ बाल श्रमको अवस्था**

तालिका १२ अनुसार जिल्लामा कुल १२८३३ बाल श्रमीक रहेका छन जस मध्ये ५७.५२ प्रतिसत बालक र ४२.७८ प्रतिसत बालिका भएको पाईयो । गत आव २०७१/७२ मा कूल १२५९१ बाल श्रमीक मध्ये वालक ५७.२९ प्रतिसत र बालिका ४२.७१ प्रतिसत थिए । समुह छलफलमा आएको निचोड अनुसार घरेलु श्रमीकमा वढी बालिका र उद्योग, क्याटरीङ्ग जस्ता प्रतिष्ठानहरुमा बढी बालक भएको पाईयो । बाल श्रमको क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन हुदै आएको भए पनि यसको अवस्थामा आशा गरिए अनुसारको उपलब्धि प्राप्त हुन सकेको छैन । खास गरी बालिकाहरु व्यक्तिगत घर तथा बालकहरु होटल, क्याटरिङ्ग, उद्योग कलकारखाना, व्यापारिक प्रतिष्ठानमा वढी भएको पाईयो ।

**तालिकाः १२ बाल श्रमको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिसत | | संख्या | प्रतिसत |
| बालिका | ५३७८ | ४२.७१ | सामाजिक परिचालन, चेतना मुलक कार्यक्रमहरु, सामुदायिक संस्थाहरुसंगको सहकार्य आदी । | ५४७३ | ४२.७८ |
| बालक | ७२१३ | ५७.२९ | | ७४१० | ५७.५२ |
| जम्मा | १२५९१ | | | १२८३३ | |
| बाल क्लवहरूको संख्या | २१८ | | | २२४ | |

**३.२.६ गरिवी निवारणका प्रयासहरू**

स्थानीय निकाय तथा पुर्वाधार निर्माणको क्षेत्रमा काम गर्ने सरकारी निकायहरुले सडक, पुल, सिंचाई जस्ता क्षेत्रमा आफूलाई केन्द्रित गरेको र अन्य निकायहरुले ती पुर्वाधारको उपयोग गरी आय आर्जन र रोजगारी अभिवृद्धिका कार्यमा काम गरेको पाईयो । गरिवी निवारणका क्षेत्रमा जिल्लामा विभिन्न संघसंस्थाहरु कार्यरत भएको पाईयो । स्थानीय निकायहरु लगायत विभिन्न सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रका संघ संस्थाहरुले सञ्चालन गरेका विभिन्न कार्यहरुले गरिवी निवारण कार्यमा सहयोगीसिद्ध भएको पाईयो । ती कार्यक्रमहरुवाट स्वरोजगार अभिवृद्धि तथा रोजगारी सिर्जना गर्न उल्लेख्य वातावरण तयार गरेको देखियो ।

तालिका १३ मा उल्लेख भए वमोजिम जिल्लमा आव २०७२/७३ मा कूल ९३६ योजनाहरु सञ्चालन भए जस मध्ये ५२.२४ प्रतिसत पुर्वाधार विकास र ४७.७६ प्रतिसत सामाजिक विकासका योजना थिए भने आव २०७१/७२ मा कूल ९६४ योजनाहरु सञ्चालन भएकोमा ६३.३८ प्रतिसत पुर्वाधार विकास र ३६.६२ प्रतिसत सामाजिक विकासका योजना थिए । यी तथ्यहरुलाई निहाल्दा जिविसले सामाजिक विकासको कार्यलाई पनि त्यत्तिकै प्राथमीकतामा राखेको देखियो ।

**तालिकाः १३ जिल्लामा सञ्चालित विकासका योजनाहरु**

| | गत वर्ष (२०७१/०७२) | | यस वर्ष (२०७२/०७३) | |
|---|---|---|---|---|
| योजनाहरुको विवरण | संख्या | प्रतिसत | संख्या | प्रतिसत |
| पुर्वाधार विकास | ५७७ | ६२.३८ | ४८९ | ५२.२४ |
| सामाजिक किास | ३४८ | ३७.६२ | ४४७ | ४७.७६ |
| जम्मा | ९२५ | १००.०० | ९३६ | १००.०० |

## क) पुर्वाधार विकास

जिविस काठमाण्डौले पुर्वाधारका विकासका विभिन्न योजनाहरु सञ्चालन गरी समग्र विकासको वातावरण तयार गर्न प्रयास गरेको देखिन्छ । पूर्वाधार विकासमा नयां सडक निर्माण तथा मर्मत, खानेपानी, सिंचाई, विद्यालय भवन निर्माण तथा मर्मत, सडक वत्ति, सौर्य वत्ति, पर्यटन स्थलहरुको मर्मत तथा प्रवर्द्धन जस्ता योजनाहरु सञ्चालन गरेको देखियो । तालिका १४ अनुसार जिविसले आव २०७२/७३ मा सञ्चालन गरेका कूल ४८९ पुर्वाधार विकासका योजनाहरु मध्ये २६.४ प्रतिसत सडक, १६.४ प्रतिसत भवन मर्मत, ९.६ प्रतिसत खानेपानी, १३.१ प्रतिसत सौर्यवत्ति, ७.६ प्रतिसत अन्य भवन योजनाहरु रहेका थिए । जुन अघिल्लो आवमा क्रमशः ५९.१, १३.५२, ११.४४, ५.२० र ० प्रतिसत थिए । यसरी जिविसले सडक विकास र विस्तारलाई दुवै आर्थिक वर्षहरुमा प्राथमीकतामा राखेको पाईयो ।

**तालिका १४ पुर्वाधार विकासका योजनाहरु**

| | गत वर्ष (२०७१/०७२) | | यस वर्ष (२०७२/०७३) | |
|---|---|---|---|---|
| योजनाहरुको विवरण | संख्या | प्रतिसत | संख्या | प्रतिसत |
| सडक | ३४१ | ५९.१० | १२९ | २६.४ |
| झोलुङ्गे पुल | ६ | १.०४ | ७ | १.४ |
| उद्यान | ० | ०.०० | ११ | २.२ |
| ढल | ० | ०.०० | १६ | ३.३ |
| खानेपानी | ६६ | ११.४४ | ४७ | ९.६ |
| शौर्य वत्ति | ३० | ५.२० | ६४ | १३.१ |
| पर्यटन विकास | ९ | १.५६ | ११ | २.२ |
| भवन | ७८ | १३.५२ | २७ | ५.५ |
| विद्यालय भवन | ० | ०.०० | ९ | १.८ |
| अन्य भवन | ० | ०.०० | ३७ | ७.६ |
| भवन मर्मत | ० | ०.०० | ८० | १६.४ |
| अन्य मर्मत सम्भार योजना | ० | ०.०० | ३१ | ६.३ |
| सिंचाई | १३ | २.२५ | ९ | १.८ |

| | गत वर्ष (२०७१/०७२) | | यस वर्ष (२०७२/०७३) | |
|---|---|---|---|---|
| योजनाहरुको विवरण | संख्या | प्रतिसत | संख्या | प्रतिसत |
| नदी नियन्त्रण | ० | ०.०० | १ | ०.२ |
| पहिरो नियन्त्रण | ३ | ०.५२ | २ | ०.४ |
| कल्भर्ट | ११ | १.९१ | २ | ०.४ |
| खेलकुद | २० | ३.४७ | ४ | ०.८ |
| अन्य | ० | ०.०० | २ | ०.४ |
| कुल जम्मा | ५७७ | १००.०० | ४८९ | १००.० |

## ख) सामाजिक विकास

जिविसले पुर्वाधार विकासको साथै सामाजिक विकासको क्षेत्रमा पनि काम गर्दे आएको देखिन्छ । तालिका १५ अनुसार आव २०७२/७३ मा सञ्चालित कुल योजनाहरु मध्ये ३७.६२ प्रतिसत योजनाहरु सामाजिक विकासका थिए । जम्मा ४४७ सामाजिक विकासका आयोजनाहरु मध्ये २०.४ प्रतिसत ऐतिहासिक संपदा संरक्षण/पर्यटन विकास, ११.१९ प्रतिसत विविध अन्य लक्षित समुह विकास, ७.३८ प्रतिसत शैक्षिक विकास, ९.४ प्रतिसत तालिम (कृषि व्यवसाय र पशुपालन, गैर कृषि क्षेत्र), सम्वन्धी तालिम, ७.६१ प्रतिसत विविध महिला लक्षित कार्यक्रमहरु थिए । ती आयोजनाहरु अन्तर्गत समुह गठन, कृषि व्यवसाय तथा पशुपालन तालिम, कुरीलो खेती, च्याउ खेती, तरकारी खेती, मैन वत्ति, सिलाई कटाई तालिम तथा प्रसार सेवा, कम्पुटर तालिम, लैङ्गिक समानता, सामाजिक समावेशीकरण तालिम आदी उपलब्ध गराएको देखिन्छ । यसरी जिल्ला विकास समितिले पुर्वाधार तथा सामाजिक विकासलाई संग संगै लैजाने प्रयास गरेको देखिन्छ ।

**तालिकाः १५ सामाजिक विकासका योजनाहरु**

| | गत वर्ष (२०७१/०७२) | | यस वर्ष (२०७२/०७३) | |
|---|---|---|---|---|
| योजनाहरुको विवरण | संख्या | प्रतिसत | संख्या | प्रतिसत |
| पुस्तक प्रकाशन | ० | ०.०० | १ | ०.२२ |
| तालिम | २५ | ७.१८ | ४२ | ९.४० |
| विविध महिला लक्षित | ० | ०.०० | ३४ | ७.६१ |
| विविध वालवालिक लक्षित | ० | ०.०० | २४ | ५.३७ |
| विविध अन्य लक्षित समुह विकास कार्यक्रम | | ०.०० | ५० | ११.१९ |
| ऐतिहासिक संपदा संरक्षण/पर्यटन विकास | १७८ | ५१.१५ | १०० | २०.४ |
| प्रदर्शनी | ० | ०.०० | १ | ०.२२ |
| पुस्तकालय | ० | ०.०० | १० | २.२४ |
| क्लव सुदृढीकरण | १२ | ३.४५ | ७ | १.५७ |
| बाजा संरक्षण | ० | ०.०० | ६ | १.३४ |

| | गत वर्ष (२०७१/०७२) | | यस वर्ष (२०७२/०७३) | |
|---|---|---|---|---|
| योजनाहरुको विवरण | संख्या | प्रतिसत | संख्या | प्रतिसत |
| शिविर | ० | ०.०० | २ | ०.४५ |
| जनचेतना | १६ | ४.६० | ५ | १.१२ |
| संस्कृति संरक्षण | ० | ०.०० | २ | ०.४५ |
| शैक्षिक संस्था सुधार (पुस्तक, फर्निचर, कम्पुटर आदी) | १११ | ३१.९० | ३३ | ७.३८ |
| खेलकुद | ० | ०.०० | १० | २.२४ |
| अन्य | ६ | १.७२ | १२० | २६.८५ |
| कुल जम्मा | ३४८ | १००.०० | ४४७ | १००.०० |

*स्रोतः वार्षिक प्रगति पुस्तिका , आ.व. २०७०/७१र आ.व २०७१/ ७२ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं ।*

विकास निर्माणका कामहरुमा जिविसले आम नागरिकहरुको सहभागिता वढाउने गरेको पाईयो । तालिका १६ अनुसार जिविसले गत आवमा सञ्चालन गरेका कूल ९३६ योजनाहरु मध्ये केवल ४.१७ प्रतिसत योजनाहरु मात्र ठेकेदार मार्फत गर्ने गरेको र वाकि सवै योजनाहरु कुनै न कुनै तरिकाले जनसहभागिता (उपभोक्ता समिति, गैसस, सामुदायिक संस्था, टोल सुधार समिति आदी) मार्फत गर्ने गरेको पाईयो । अघिल्लो आवमा भने कूल योजनाको २३.६५ प्रतिसत योजनाहरु ठेकेदार मार्फत सञ्चालन गरिएका थिए । यसरी हेर्दा जिविसले योजनाहरु सञ्चालन गर्दा जनसहभागितालाई वढी प्राचमीकता दिएको र ठेकेदार मार्फत योजना सञ्चालन गर्ने कार्यमा कमी ल्याउदै आएको छ । जनसहभागितामा आधारित कार्यक्रमहरु, शिक्षा, खानेपानी, जस्ता आयोजनाहरु खास गरी उपभोक्ता समितिहरु र सडक उपभोक्ता समिति र जिल्लहरु जोड्ने सडक, झोलुङ्गे पुल जस्ता योजनाहरु ठेक्कावाट गरेको पाईयो ।

जिल्ला विकास समितिले आव २०७१/७२ र २०७२/७३ मा झण्डै झण्डै वरावरी योजनाहरु कार्यान्वयन गरेको पाईयो । आव २०७१/७२ मा कुल ९६४ योजना सञ्चालन गरेकोमा यस आव २०७२/७३ मा ९३६ योजना कार्यान्वयन गरेको पाईयो । जिविसको आन्तरीक स्रोत तथा वाह्य स्रोत पनि वढेकोले योजनाहरुको संख्या वढेको साथै निर्वाचान क्षेत्र विकास र सांसद विकास कोष मार्फत पनि योजनाको संख्या वढेकोले कूल योजनाको संख्या वढेको हो ।

### तालिकाः १६ योजना सञ्चालनमा समुदायको संलग्नता

| योजना सञ्चालन गर्ने निकाय | गत आव | | यस आव | |
|---|---|---|---|---|
| | योजना संख्या | प्रतिसत | योजना संख्या | प्रतिसत |
| जिविस (उपभोक्ता समिति मार्फत) | ९४ | ९.७५ | १९० | २०.३० |
| ठेकेदार | २२८ | २३.६५ | ३९ | ४.१७ |
| केन्द्रिय योजना | ० | ०.०० | ० | ०.०० |
| जिविस आन्तरिक स्रोत | ३३६ | ३४.८५ | १४६ | १५.६० |

| योजना सञ्चालन गर्ने निकाय | गत आव | | यस आव | |
|---|---|---|---|---|
| | योजना संख्या | प्रतिसत | योजना संख्या | प्रतिसत |
| सोझै कोटेसनवाट सञ्चालन भएका | ० | ०.०० | २१४ | २२.८६ |
| नगरपालिका (उपभोक्ता समिति) | ० | ०.०० | ३० | ३.२१ |
| सांसद विकास कोष /निर्वाचन क्षेत्र विकास( उपभोक्ता समिति) | ३०६ | ३१.७४ | ३१७ | ३३.८७ |
| जम्मा | ९६४ | १००.०० | ९३६ | १००.०० |

*स्रोतः वार्षिक प्रगति पुस्तिका , आ.व. २०७१/७२र आ.व २०७२/ ७३ जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।*

## ग) आय आर्जन र रोजगारी प्रर्वधन

काठमाण्डौ जिल्लामा विभिन्न सरकारी, स्थानीय निकाय लगायत केन्द्रिय योजना तथा विषगत कार्यालय, गैर सरकारी संस्था तथा नीजि क्षेत्रवाट विविन्न पुर्वाधार विकास र सामाजिक विकासका कार्यहरु सञ्चालन गरिएको थियो । अध्ययनको क्रममा जिल्लामा पूर्वाधार तथा सामाजिक विकासका कार्यहरुलाई उत्तिकै प्रथमीकतामा राखेको पाईयो । पुर्वाधार विकासका योजनाहरु सञ्चालनवाट सामाजिक तथा आर्थिक विकासका लागि आधार प्रसस्त गर्ने गरेको पाईयो । पुर्वाधारहरुको उपयोग वाट सेवा र वस्तुको पहँचवृद्धि हुन गई सामाजिक, आर्थिक विकासलाई सहजीकरण गरेको देखियो । तालिका १७ मा उल्लेख भए अनुसार कृषि तथा पशुपालनमा भएको व्यवसायिकीकरण, साना तथा घरेलु उद्योगहरुको स्थापना, व्यापार विविधिकरणको कारण गाउँ गाउँमा जीविकोपार्जन सुधारका आधारहरु स्थापित भएकाछन् । जीविकोपार्जनका कार्यक्रमहरुमा कृषि, पशुपालन तथा विभिन्न गैर कृषि व्यवसायहरु सञ्चालन सम्वन्धि तालिम, यस्ता कार्यक्रम सञ्चालनको लागि अनुदान कार्यहरु सचालन हुदै आएकाछन् । महिलाहरुका लागि सिलाईकटाई, ब्युटी पार्लर, अचार, मैन वत्ति वनाउने, कम्पुटर तालिम जस्ता कार्यक्रमहरु मार्फत महिलाहरुको आर्थिक विकास सम्भव भएको देखिएको छ ।

निर्वाचन क्षेत्र विकास तथा सांसद विकास कोष मार्फत पनि विभिन्न सामाजिक विकासका योजनाहरु सञ्चालन गरिएको देखियो । महिला उद्यमशिलता, क्षमता अधिवृद्धि तथा आय आर्जन, उद्घोषण तालिम, ब्युटी पार्लर, प्राङ्गारीक कृषि विस्तार, धुप वनाउने तालिम, ड्राईभिङ्ग, दालमोठ वनाउने, अचार वनाउने,, सिकर्मी, डकर्मी, सुरक्षित आवस निर्माण शिक्षा कार्यक्रम, भूकम्प पिडितका लागि मनोवैज्ञानिक परामर्श, लागु पदार्थ दुर्वेशनी विरुद्ध चेतनामूलका कार्यक्रम, आमा समुहका लागि सीपमूलक तालिम, सितारा भरेको व्याग वनाउने, मखमलको जुत्ता वनाउने, व्युटिसियन तालिम, पाठेघर तथा स्तन क्यानसर सम्वन्धी चेतनामूलक कार्यक्रम, मनोरोग उपचार तथा पुनरस्थापना केन्द्र स्थापना सहयोग, टेरीवियर वनाउने तालिम जस्ता योजनाहरु यस कोषवाट सञ्चालन गरेको पाईयो ।

### तालिकाः १७ गरिवी निवारणका प्रयासहरू

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| जिल्ला विकास समितिको कार्यालय | पुर्वाधार विकासको साथ साथै जिजिस काठमाण्डौले सामाजिक विकासका | जिविसले सञ्चालन गरेको विभिन्न पुर्वाधार विकासको कारण जिल्लामा |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| | कार्यहरुलाई पनि निरन्तरता दिदै आएको छ । पुर्वाधार विकासले सिर्जना गरेका अवसरहरुलाई उपयोग गर्ने उदेश्यका साथ मागमा आधारित सामाजिक विकासका योजनाहरु सञ्चालन भएका छन् । कृषि तथा पशु विकास, साना उद्योग, कम्पुटर, अटोमोवाईल जस्ता गैर कृषि क्षेत्रहरुमा आधारित तालिम, गोष्ठि, वजार व्यवस्थापन जस्ता कार्यक्रमहरु सञ्चालन भएकाछन् । जिल्ला कृषि, पशु, महिला, वालवालिका, घरेलु तथा साना उद्योग, तथा अन्य सरकारी तथा गैर सरकारी कार्यालयहरु संग समन्वय र सहकार्य गरी स्वरोजगार सिर्जना गर्न विभिन्न सीप विकास तथा आय आर्जनका तालिम, प्रसार सेवा, नगद तथा वस्तु अनुदान दिने गरेको छ । त्यसै गरि समुह सुदृढीकरण कार्य अन्तर्गत वचत संकलन र परिचालन गरेको छ यसले सेवा र वस्तुमा नागरिकहरुको पहुँच वृद्धि भई समग्र सामाजिक आर्थिक विकासमा टेवा पुर्‍याएको छ । | विभिन्न सामाजिक आर्थिक विकासका कार्यहरु सञ्चालनमा आए । त्यस्तै गरी जिल्ला विकास समितिले कम्पुटर तालिम, स्प्रे पम्प तथा थ्रेसर वितरण, क्षमता विकास तालिम, कृषि तालिम, आयमूलक सीपमूलक तालिम, उन्न्त जातको विउविजन वितरण, उन्नत जातको पलफुल वितरण, प्लास्टिक घर निर्माण, आयमूलक तालिम सञ्चालन गरेको थियो । यस्ता कार्यक्रमहरुवाट ३५ वटा कृषि उद्यम विकास, २४ वटा पशु उद्यम विकास, २२ कृषि सामग्री विक्रि र ८१ जनाले गैर कृषि क्षेत्र (पसल, मैन वत्ति, अचार, सिलाई, व्रिकेट) गरी जम्मा १६२ नागरिक स्वरोजगारी वनेको देखिन्छ । अप्रत्यक्ष रुपमा १२०० भन्दा वढी परिवार लाभान्वित भएको आकलन गरिएको छ । |
| जिल्ला कृषि विकास कार्यालय | जिल्ला कृषि विकास कार्यालय काठमाण्डौले कृषि विकासको लागि विभिन्न खाले कार्यक्रमहरु सञ्चालन गरेको छ । विभिन्न खाले तालिमहरु सञ्चालन गरी प्रविधि हस्तान्तरण, कृषि प्रसार कार्यक्रमहरुवाट प्राविधिक सेवा तथा विभिन्न खाले अनुदानको कार्यक्रमहरु समेत सञ्चालन भएको छ । यी कार्यहरुले गर्दा किसानहरुलाई आर्थिक, प्राविकधिक सीप हस्तान्तरण भई समग्र कृषि विकासको र अन्नततः सामाजिक आर्थिक विकासलाई सहयोग गरेको छ । व्यवसायिक फर्महरु दर्ता, प्लाटिक घरमा गोलभेडा, तरकारी खेती, च्याउ खेती,मौरीपालन, फलफुल ( आरु, नास्पति, हलुवेद), व्यवसायिक प्राङ्गारीक खेती, प्राङ्गारिक आउटलेट, स्थापना, समुदाय व्यवस्थित सिंचित कृषि | गत आव २०७२/७३ मा जिल्ला कृषि विकास कार्यालय काठमाण्डौले ५० उद्यमशील व्यवसायिक फर्म सूचीकृत गरेको, प्रारङ्गीक सञ्जालमा थप १८ कृषक सम्मिलित भएको, २ वटा प्राङ्गारीक आउटलेट स्थापना भएको, १८० जना महिला कृषकले तरकारी खेती प्रविधि तालिम पाएको, ३० जना महिला समेत गरी कुल ७० जनाले च्याउखेती तालिम, १७ कृषकले खुद्रा विषदी विक्तेता तालिम प्राप्त गरे । १६ हजार प्लास्टिक टनेलमा गरेको गोलभेडा खेतीवाट २० हजार मे.ट. गोलभेडा उत्पादन भई ६० करोडको आम्दानी भएको, १५९७१ मे.ट. अन्य तरकारी उत्पादन भई ३९ करोड ९२ लाख आम्दानी भएको, २७५ टन च्याउ |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| | क्षेत्र आयोजना, कृषि सूचना तथा सञ्चार, बाली विकास कार्यक्रम, वीजवृद्धि र वासनादार धान, मत्य विकास कार्यक्रम, बाली संरक्षण कार्यक्रम, विशेष कृषि उत्पादन कार्यक्रम, युवा लक्षित कार्यक्रम ( तरकारी र च्याउ), सहकारी खेती, साना सिंचाई तथा मल बीउ ढुवानी, कृषि प्रसार र कृषि व्यवसाय प्रवर्द्धन तथा वजार विकास कार्यक्रमहरु सञ्चालमा ल्याएको छ । जैविक विषदीको प्रयोग, स्थानीय स्तरमा उत्पादन गरीने प्राङ्गारीक मलमा अनुदान जस्ता कार्यहरु सञ्चालनमा छन् । यसका साथै समुह वचत संकलन र परिचालन कार्यले निरन्तरता पाएको छ । | उत्पादन गरी ३ करोड ५० लाख आम्दानी भएको । त्यसै गरी १.२ मे.ट. मह उत्पादन भई ६० हजार आम्दानी, ३३७५ मे.ट. फलफुल उत्पादनवाट १३ करोड आम्दानी भएको पाईयो । |
| जिल्ला पशु सेवा कार्यालय | पशु आहार विकास कार्यक्रम, १७ हेक्टरमा जै, २२ हेक्टरमा टिओसेन्टी, ६ हेक्टरमा नेपियर घाँस खेती, उपचार सेवा २००५९, प्रयोगशाला सेवा २१५२, खोप सेवा १०५००, पशुसेवा शिविर ८, सचेतना अभिवृद्धि कार्यक्रम, समुह समिति गठन ३०, फोडर नर्सरी १, डिपिङ्ग ट्याङ्क २ निर्माण गरिएको । भुकम्प पिडितहरुको लागी १०० वटा प्रजनन योग्य बोका, ५ वटा राँगोवितरण गरेको । एकल महिलाहरुको लागि बाखा, बोका खरिद, खोर निर्माण पशु आहर, पशुस्वास्थ्य सेवा उपलब्ध गराएको । कृत्रिम गर्भाधानको लागि कुल २३ कृत्रिम गर्भाधान केन्द्र र सो को लागि त्यत्ति नै प्राविधिक उपलब्ध गराई कुल २७१४६ गाई, ११०६ भैसी र १८९ बाखा मा यो सेवा उपलब्ध गराएको । पशुसेवा तालिम, पशु आहार तालिम, पसु प्रसार सेवा सञ्चालन । | आव.२०७२/७३ मा गाई फारम ९७, व्यवसायिक बाखा फार्म ४८, व्यवसायिक बंगुर फार्म ४३ गरी हाल सम्म कुल २४० गाई फार्म, ९२ बाखा फार्म र ५५ बंगुर फार्म दर्ता भएका छन् । जसवाट दूध उत्पादनमा ८.२९ प्रतिसत र मासु उत्पादनमा ६.४ प्रतिसतले वृद्धि भएको छ । व्यवसायिक पशुपालनवाट २३१२ मानिसरुले प्रत्यक्ष रोजगारी पाएकाछन् । गत आ.व २०७१/७२ मा जिल्लामा कूल ३ अर्व ८० करोड २६ लाख वरावरको पशु उत्पादन (दुध, मासु, फुल) भएको देखिन्छ । |
| घरेलु तथा साना उद्योग कार्यालय | वेत वासको सामग्री निर्माण, प्लम्बिङ्ग, तिब्तीय धुप बनाउने, उद्यमशीलता तालिम | यी कार्यक्रमहरु सञ्चालवाट १९५ रोजगारी सिर्जना भएको छ । |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| | र विकास, हाउस वाईरीङ्ग, अचार बनाउने तालिम सञ्चालन गरेको । | |
| महिला तथा वालवालिका कार्यालय | महिला सीप विकास तालिम १४८०, प्रत्येक नगरपालिकाहरुमा लैङ्गिक हिंसा सम्वन्धी जाचेतना मुलक कार्यक्रम सञ्चालन गरेको, ८ जना हिंसा पिडित महिलाहरुलाई राहत दिएको, मनोसामाजिक सेवा केन्द्रवाट वहु उपयोगी सेवा प्रदान गरेको । भुकम्प पश्चात ४० वटा पिडित परिवारका सदस्यहरुलाई राहत उपलब्ध गराएको (२ बालवालिकालाई १ वर्षको शुल्क, २ परिवारको लागि जस्तापाता, १ वालकको आँखाको उपचार, २० वालवालिकाको लागि शैक्षिक सामग्री, २० कैदी महिलाहरुको लागि जाडोको लुगा र ७ महिलालाई आकस्मीक सेवा) । यसका साथै विभिन्न खाले आय आर्जनका तालिमहरु (कृषि तथा गैर कृषि क्षेत्र) सञ्चालन गरेको । | १४८० जनालाई विभिन्न तालिम सञ्चालन गरी स्वरोजगारी सिर्जना गर्ने कार्यमा सहयोग गरेको पाईयो । सवै महानगर तथा नगरपालिकाहरुमा सञ्चालन गरेको वचत कार्यक्रमवाट वचत ऋण कार्यक्रम मार्फत ६५० रोजगारी सिर्जना भएको । |
| डिभिजन सहकारी कार्यालय | पूर्व सहकारी शिक्षा, वित्तिय साक्षरता तथा सहकारी सचेतना तालिम, सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम, आधारभूत सहकारी व्यवस्थापन तालिम, अन्तर जिल्ला सहभागितात्मक सहकारी अवलोकन कार्यक्रम, सहकारीकरण कार्यक्रम, सहभागितात्मक लेखापाल तालिम, सहकारी व्यवसाय प्रर्वद्धन गोष्ठि (पर्यटन, दुग्ध, मह, जुनार, उपभोक्ता, विद्युत, चिया) जस्ता कार्यक्रमहरु सञ्चालन भएको । साथै सहकारी संस्थाहरुलाई एकिकरण, सूचना व्यवस्थापन, लक्षित वर्ग पहिचान जस्ता कार्यहरु गरेको । | सहकारीहरुको तथ्याङ्क डिजिटल प्रविधिमा अभिलेखन भएको । विभिन्न खाले तालिम र अनुदान कार्यक्रमहरुवाट थप १२० जना स्वरोजगार वनेको । |
| जिल्ला वन कार्यालय | टिसिएन संग मिलेर ८०३१ परिवारलाई ९५०३८६ केजी दाउरावितरण गरेको । शहरी वृक्षारोपण ५ फिट भन्दा कम | रोपिएका विरुवाहरु मध्ये ९० प्रतिसत सरेको, गत आव वाट सरेका मुद्दा ५८, यस आवमा दर्ता भएका मुद्दा १८, ५८ |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
|---|---|---|
| | उचाई हुने ३२०० विरुवा वाग्मती किनार जोरपाटी देख टेकु सम्म रोपिएको । | वटा मुद्दा फैसला, ३४ वटा अदालतमा दर्ता, अदालतमा सरेको मुद्दा ३६ । |
| खानेपानी तथा ढल निकास विभाग क्षेत्रिय अनुगमन तथा सुपरीवेक्षण कार्यालय । | ६८ वटा खानेपानी योजना कार्यान्वियन, ४३ वटा भुकम्पवाट क्षती पुगेका खानेपानी योजनाहरुको पुर्ननिर्माण, र २ वटा ढल निर्माण प्रसोधन आयोजना सञ्चालन गरेको । वातावरणीय सरसफाई प्रवर्द्धन गर्नको लागी चर्पी निर्माणको लागि प्यान र पाईप वितरण गरिएको । खुला दिशा मुक्त क्षेत्र घोषणा अभियान निरन्तर कार्यान्वयन गर्दे आएको । | ९६.०३ प्रतिसत घरधुरीलाई स्वच्छ खानेपानी, ९४.१६ प्रतिसत घरघुरीलाइ चर्पी सुविधा पुगेको । ग्रामीण भेगका नागरिकहरुले खेर गएको पानीको प्रयोगवाट तरकारी खेती गर्न लागिएको र केही नागरीकहरुले पानी संकलन गर्न लाग्ने समय वचत गरी वाखा पालन, तरकारी खेती गर्न थालेको तर एकिन तथ्याङ्क नभएको । |
| मध्यमाञ्चलन सिंचाई विकास डिभिजन कार्यालय | ७ वटा मझ्यौला सिंचाई योजना, ३ वटा सामुदाय द्धारा व्यवस्थित कृषि क्षेत्र सिंचाई आयोजना, ३ वटा नयाँ प्रविधिमा आधारित सिंचाई योजना र १४ मर्मत सम्भार तथा दीगो विकास आयोजनान सञ्चालन गरिएको । | आ.व. २०७२/७३ मा कुल ५० हेक्टर जमीनमा सिंचाई सुविधा पुगेको । |
| जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय | २५ वटा स्थल विशेष गरिने नदी नियन्त्रण, १४ वटा स्थल विशेष गरिने पहिरो नियन्त्रण, नदी किनार संरक्षण कार्यक्रम, ७ वटा टार बजार संरक्षण, १ वटा गुरु योजनामा आधारित नदी नियन्त्रण कार्यक्रमहरु, ३२ आपतकालिन तथा बाढी पहिरो पुर्नरस्थापना, ४ वटा भुकम्पवाट प्रभावित पुननिर्माण विशेष कार्यक्रम सञ्चालन गरेको । | नदी कटान रोकिएको, पहिरो जाने क्रम कम भएको । |
| जिल्ला भुसंरक्षण कार्यालय | २२ वटा गल्छि/पहिरो नियन्त्रण, ७ वटा खोला किनारा संरक्षण, ४ वटा पानी मुहान संरक्षण, ४ वटा सिंचाई कुलो, २ वटा संरक्षण पोखरी निर्माण, ४ वटा सडक पाखो संरक्षण, १२ वटा राष्ट्रिय पुर्नजागरण कार्यक्रम, १३ वटा गल्छि पहिरो उपचार, १ वटा काभ्रेस्थली भद्रवास गल्छी नियन्त्रण विशेष कार्यक्रम, १२ वटा समुहलाई | पहिरो नक्साङ्कन कार्य भएको । पहिरो नियन्त्रणमा आएको । |

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धि |
| --- | --- | --- |
| | वास/निगालो विरुवा वितरण र १ वटा जलाधार व्यवस्थापन आयोजना सञ्चालन गरिएको थियो । | |

*स्रोतः स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ.व २०७२/७३, जिल्ला विकास समितिको कार्यालय, र सम्वन्धित विषगत कार्यालयहरु, काठमाण्डौ*

यसका अलावा नवगठित सवै ९ नगरपालिकाहरुमा गाविसहरुमा सामाजिक परिचालन कार्यक्रम मार्फत नागरिकहरुलाई सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रवाट उनीहरुलाई प्राप्त हुन सक्ने सेवा, सुविधाको वारेमा चेतना फैलाउने कार्य भई रहेको छ । त्यसै गरी जिल्लामा ३० भन्दा वढि अन्तराष्ट्रिय तथा राष्ट्रिय गैससहरुले सामाजिक विकासको क्षेत्रमा काम गरेको देखिन्छ । यिनीहरुले फोहमैला व्यवस्थापन, खानेपानी, कृषि, पशु, वन, सिंचाई, स्वास्थ्य, शिक्षा र गैर कृषि रोजगारी प्रवर्धनको लागी काम गरेको देखिन्छ ।

## *३.३ विकासमा समान सहभागीताको क्षेत्र*

### ३.३.१ जिल्ला विकास समिति

डिपीमास सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याई जिलाा विकास समितिको कार्यालय काठमाण्डौले कुन वर्ग, क्षेत्र, लिङ्गका नागरीकहरुले सेवा सुविधा प्राप्त गर्न सकेकाछन् र विकास निर्माणका कार्यमा उनीहरुको के कस्तो सहभागिता हुदै आएको छ भन्ने कुराको तथ्याङ्क राख्ने परिपाटी वसेको छ । यसले सेवा प्राप्त गर्ने नागरिकहरुको विभिन्न सूचकहरुलाई समावेश गरेकोछ । विकासका कार्यहरुमा विभिन्न जात जाती, वर्ग, समुदाय, लिङ्गका नागरिकहरुको सहभागीतालाई सुनिश्चत गरेको छ । उपभोक्ता समितिहरुको गठन, त्यसमा रहने पदाधिकारीहरुको चयन तथा लाभान्वितहरुको छनौट आदी कामहरुमा नेपाल सरकारले अवलम्बन गरेको नीति नियमहरुलाई परिपालना गरेको देखिन्छ । सवै उपभोक्ता समितिहरुमा ३३ प्रतिसत महिला तथा जनजाती तथा विपन्न वर्गका नागरिकहरुलाई विकासमा सहभागी गराउन प्रयास गरेको पाईयो ।

### ३.३.२ विषयगत कार्यालयहरु

जिल्लामा रहेका विषयगत कार्यालयहरुले पनि सम्वन्धित मन्त्रालयहरुको नीति नियमहरु र निर्देशनहरुको परिपालना गरी कार्यक्रमहरु सञ्चालन गरेको पाईयो । जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, वन कार्यालय, शिक्षा कार्यालय, महिला वालवालिका कार्यालय, जनस्वास्थ्य कार्यालयहरुले गरीवी अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई सम्वोधन गरी तथ्याङ्क राख्ने गरेको पाईयो । ती तथ्याङ्कहरुलाई हेर्दा विकासको कामहरुमा महिला, दलित, जनजाती तथा विपन्न वर्गका नागरीकहरुलाई वढी प्राथमीकता दिई उनीहरुको सहभागीतालाई सुनिश्चित गरेको पाईयो ।

### ३.३.३ गैर सरकारी संस्थाहरु

जिल्लामा काम गर्ने विभिन्न गैर सरकारी संस्थाहरुले पनि नेपाल सरको प्राथमीकतालाई ध्यानमा राखि कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखिन्छ । तर उनीहरुले राख्ने तथ्याङ्कमा एकरुपता आउन सकेको छैन । यद्यपि यी संस्थाहरुले पनि महिला, आदीवासी जनजाती, गरीव तथा पछाडी परेका वर्गहरुको सलग्नता वढेको पाईयो ।

तालिका १८ अनुसार जिल्लामा विकास कार्यमा संलग्न भएका विभिन्न सरकारी निकायहरुले कुल जनसंख्याको औषमा ९.६३ प्रतिसत नागरिकहरुलाई सेवा प्रदान गरेको देखिन्छ । सवै भन्दा वढी सेवा जनस्वास्थ्य कार्यालयले ५६ प्रतिसत नागरिकहरुलाई सेवा पुर्‍याएको पाईयो भने त्यस पछि जिल्ला शिक्षा कार्यालयले २०.२२ प्रतिसत नागरिहहरुलाई सेवा उपलत्तध गराएको पाईयो भने स्थानीय निकायहरुवाट ७.३२ प्रतिसत नागरिकले सेवा प्राप्त गरे । स्थानीय निकायहरुवाट खास गरीने जन्म, मृत्यु, विवाह, वसाई सराई, राहदानी, नागरिकता, सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य सेवा, कृषि, पशु, वन, खानेपानी, महिला, वालवालिका, शिक्षक, पेशाकर्मी आदी सवैलाई एकिकृत गर्दा कुल सेवाग्राही मध्ये ४६ प्रतिसत महिला, ४.७२ प्रतिसत दलित, ५२.०५ प्रतिसत जनजाती र ३४.०९ प्रतिसत अन्य जातका नागरिकहरुले विकासमा सहभागिता देखाएको पाईयो । सापेक्षताको आधारमा हेर्ने हो भने सवै अन्य जाती (व्राह्मण, क्षेत्री) को तुलनामा सेवा पाउनेहरु जनजाती, महिला र त्यस पछि दलित रहेका छन् ।

**तालिका १८ विकासमा नागरिकहरुको सहभागीताको अवश्था**

| | सेवा ग्राही (कुल जनसंख्या २०४१३८८) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सेवा प्रदायक संस्था | महिला | प्रतिसत | दलित | प्रतिसत | जनजाती | प्रतिसत | अन्य | प्रतिसत | जम्मा | प्रतिसत |
| जम्मा | ८३१३०५ | ४७.६६ | ६९७७० | ४ | ८७२१२० | ५० | ८०२३५० | ४६ | १७४४२४० | १००.०० |
| जिविस/नपा | ५६२८० | ३.२२७ | ६३८१ | ०.३७ | ५७४२९ | ३.२९ | ६३८१० | ३.६६ | १२७६२० | ७.३२ |
| जिल्ला कृषि विकास कार्यालय | ९७५८ | ०.५५९ | १२८१ | ०.०७ | ११७४४ | ०.६७ | ८११४ | ०.४७ | २११३८ | १.२१ |
| जिल्ला पशुसेवा कार्यालय | १६८३४ | ०.९६५ | १७११ | ०.१० | १७७९२ | १.०२ | १५३९७ | ०.८८ | ३४९०० | २.०० |
| जिल्ला वन कार्यालय | ४७०६ | ०.२७ | ४३७ | ०.०३ | ५७८७ | ०.३३ | ४८०४ | ०.२८ | ११०२८ | ०.६३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ४९९१६८ | २८.६२ | ५०८९६ | २.९२ | ५८७२५६ | ३३.६७ | ३३८६५१ | १९.४२ | ९७६८०२ | ५६.०० |
| महिला वालवालिका कार्यालय | ६१५८ | ०.३५३ | ३०० | ०.०२ | ३६७५ | ०.२१ | ३५२५ | ०.२० | ७५०० | ०.४३ |
| जिल्ला शिक्षा कार्यालय | १८७५९१ | १०.७५ | १७६३१ | १.०१ | १८६८८५ | १०.७१ | १४८०९८ | ८.४९ | ३५२६१४ | २०.२२ |
| खानेपानी क्षेत्रिय सुपरिवेक्षण तथा अनुगमन कार्यालय | २६८७३ | १.५४१ | २८८७ | ०.१७ | २९९१७ | | १९६८७ | १.१३ | ५२४९१ | ३.०१ |
| घरेलु तथा साना उद्योग कार्यालय | ३३८५ | ०.१९४ | ४९३ | ०.०३ | ४१९० | ०.२४ | ३५३२ | ०.२० | ८२१५ | ०.४७ |
| डिभिजन सहकारी कार्यालय | ३१९३ | ०.१८३ | ३६४ | ०.०२ | ३१८० | ०.१८ | ३०९१ | ०.१८ | ६६३६ | ०.३८ |
| जम्मा | ८१३९४५ | ४६.६६ | ८२३८० | ४.७२ | ९०७८५५ | ५२.०५ | ६०८७१० | ३४.९० | १५९८९४५ | ९१.६७ |
| कूल औषत | | ४.६७ | | ०.४७ | | ५.५९ | | ३.४९ | १५९८९४५ | ९.१७ |

*स्रोतः स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ.व २०७१/७२, जिल्ला विकास समितिको कार्यालय, र सम्वन्धित विषगत कार्यालयहरु, काठमाण्डौ*

## *३.४ सेवा सुविधामा पहुंचको क्षेत्र*

### ३.४.१ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवामा पहुंच (भयो)

तालिका १९ अनुसार, आर्थिक वर्ष २०७१/७२ मा कुल ९२२०३१ नागरिकहरुले ओपिडि सेवा लिएकोमा गत आव २०७२/७३ मा ९४०५८३ जनाले सो सेवा लिएको पाईयो । त्यसै गरी आव २०७१/७२ मा ५२० महिला र ५८४ पुरुषहरुले स्थाई परिवार नियोजन गरेकोमा आव २०७२/७३ मा क्रमशः ५२० र ५८३ महिला तथा

पुरुषले स्थाई परिवार नियोजन गरेको देखिन्छ । अस्थाई परिवार नियोजनको साधनको हकमा आव २०७१/७२ मा ४००६१३ जनाले यो सेवा लिएकोमा आव २०७२/७३ मा ४०२५०० जना भएको पाईयो । परिवार नियोजनको साधनहरुको प्रयोगमा धेरै फरक नदेखिनुमा प्रजनन उमेरका महिला तथा पुरुषहरु वैदेसिक रोजगारमा जानु र प्राकृतिक परिवार नियोजनको विधि अपनाउनु रहेको कुरा समुह छलफलका सहभागीहरुले वताएका थिए ।

## तालिकाः १९ स्वास्थ्य सेवामा पहुंच

| विवरण | गत बर्षको अवस्था | उपलब्धि |
|---|---|---|
| | संख्या | संख्या |
| स्वास्थ्य सेवा लिनेहरुको संख्या (ओपिडि) तथा घाउ, अपरेसन | ९३२०३१ | ९४०५८३ |
| स्थाई परिवार नियोजन गर्ने महिलाको संख्या | ५२० | ५८३ |
| स्थाई परिवार नियोजन गर्ने पुरुषको संख्या | ५८४ | ६१२ |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने महिला तथा पुरुषहरुको संख्या | ४००६१३ | ४०२५०० |

### ३.४.२ स्वस्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवाको उपलब्धता

तालिका २० मा देखाईए अनुसार काठमाण्डौ जिल्लामा आव २०७०/७१ र आव २०७१/७२ मा कुनै परिवर्तन भएको छैन । आव २०७०/७१ र आव २०७१/७२ मा सरकारी अस्पताल ११, प्राथमीक स्वास्थ्य केन्द्र ८, स्वास्थ्य चौकी ५८ रहेकाछन् । नीजि क्लिनिक, नर्सिङ्ग होम, प्राईभेट अस्पताल, एन.जी.ओ, आई.एन.जी.ओ अस्पताल आदी गरी कुल १००८ स्वास्थ्य संस्था र १७१३ महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीका स्वास्थ्य सेवा उपलब्ध गराउन लागेका छन् । आव २०७०/७१ मा यिनीहरुको संख्या १०१६ थियो ।

## तालिकाः २० जिल्लामा भएको स्वास्थ्य संस्थाहरुको विवरण

| विवरण | गत बर्षको अवस्था | हालको अवश्था |
|---|---|---|
| | संख्या | संख्या |
| सरकारी अस्पतल | ११ | ११ |
| सामुदायिक अस्पताल | ९ | |
| प्राथमीक स्वास्थ्य सेवा केन्द्र | ८ | ८ |
| स्वास्थ्य चौकी | ५८ | ५८ |
| शहरी स्वास्थ्य क्लिनिक | | २७ |
| पि.एच.सी –आ.आर.सी | १३४ | १३४ |

| विवरण | गत बर्षको अवस्था | हालको अवश्था |
|---|---|---|
| | संख्या | संख्या |
| एपीआई क्लिनिक | २५४ | २५४ |
| महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीका | १७१३ | १७१३ |
| शिक्षण अस्पताल/मेडिकल कलेज | | ३ |
| राष्ट्रिय/अन्तराष्ट्रिय गैसस | | ५४ |
| गैसस अस्पताल | | १२ |
| स्वास्थ्य क्लिनिक | | १०६ |
| पोलिक्लिनिक | | १२२ |
| नसिंङ्ग होम | | ४ |
| नीजि अस्पताल | | ७१ |
| २५ वेड भन्दा कमका अस्पताल | | ३३ |
| २६ देखि ५० वेडका अस्पताल | | ८ |
| ५१ द्येखि २०० वेडका अस्पताल | | २८ |
| डायग्नोष्टिक केन्द्र | | ७५ |
| कुल नीजि स्वास्थ्य संस्था | ५५५ | ० |
| जम्मा | २७२९ | २७२१ |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौ, आ.व २०७१/७२ र आ.व २०७२/७३*

यसरी हेर्दा आम नागरिकहरुलाई आफ्नै घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ । यस्ता संस्थाहरुलाई स्थानीय स्रोतको समेत परिचालन गरि थप स्वास्थ्यकर्मीहरुको व्यवस्था गरेको भन्ने कुरा समुह छलफलका सहभागीहरुले वताएका थिए । हालको अवश्थामा आम नागरिकहरुलाई वढीमा ४५ मिनेटको हिडाई वा यातायातको साधनको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ ।

**३.४.३ शिक्षा सेवाको वितरण र यसको पहुंच**

तालिका २१ अनुसार काठमाण्डौ जिल्लामा ३२६ बालविकास केन्द्र र प्राथमीक देखि दश जोड दुई सम्मका जम्मा १३९९ विद्यालयहरु रहेकाछन । गत आव २०७१/७२ मा क्रमशः २७३, १६२,७६७ र १६८ प्राथमीक निम्न माध्यामिक माध्यामिक उच्च माध्यामीक विद्यालयहरु भएकोमा आव २०७२/७३ ती संस्थाहरुको संख्या क्रमशः २९३, १७३, ७६४, १६९ भएको पाईयो । आव २०७२/७३ मा मा.वि. को संख्या कम भएको तर अरु सवै विद्यालयहरुको संख्या वृद्धि भएको पाईयो । हरेक गाविस र नगरपालिकाका वार्डहरुमा विद्यालयहरु रहेकाछन र पढ्न चाहने सवै बालवालिकाहरुको लागी विद्यालय आधा घण्टा समयको दुरीमा रहेको पाईन्छ ।

## तालिकाः २१ जिल्लामा भएको शिक्षण संस्थाहरुको वितरण

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | निमावि | | मावि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| सामुदायिक | ३२६ | ३२६ | ८३ | ८३ | ५० | ५१ | १०२ | १०० | ६० | ६१ | २७५ | २९५ |
| संस्थागत | ५ | ० | १९० | २१० | १११ | १२२ | ६६५ | ६६४ | १०८ | १०८ | १०७४ | ११०४ |
| जम्मा | ३३१ | ३२६ | २७३ | २९३ | १६२ | १७३ | ७६७ | ७६४ | १६८ | १६९ | १३४९ | १३९९ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०७१/७२ र आ.व २०७२/७३*

तालिका २२ अनुसार काठमाण्डौ जिल्लामा प्राथमीक देखि दश जोड दुई सम्मका विद्यार्थि संख्या ३०४४९९ रहेकाछन् । बालविकास केन्द्र मा ५०५७४ बालवालिका, प्राथमीक विद्यालयमा १४३८५३, निम्न माध्यामिक विद्यालयमा ८३०५८, माध्यामिक विद्यालयमा ५०५९१ र उच्च माध्यामीक विद्यालयहरुमा २६९९७ विद्यार्थि रहेकाछन ।

## तालिकाः २२ शिक्षण संस्थामा अध्ययनरत विद्यार्थि संख्या

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | निमावि | | मावि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| सामुदायिक | ७००० | ७०५५ | ४१२०९ | ४१३८८ | २७०३४ | २७३३० | १६६१९ | १६८६० | १०६१२ | १०५३२ | ९५४७४ | ९६११० |
| संस्थागत | ४३५७४ | ४३७७१ | १०२६४ | १०२४६५ | ५५५२७ | ५५७२८ | ३३५४४ | ३३७३१ | १६४८१ | १६४६५ | ११५८१६ | २०८३८९ |
| जम्मा | ५०५७४ | ५०८२६ | ५१४७३ | १४३८५३ | ८२५६१ | ८३०५८ | ५०१६३ | ५०५९१ | २७०९३ | २६९९७ | २११२९० | ३०४४९९ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०७१/७२र आ.व २०७२/७३ ।*

तालिका २३ अनुसार शैक्षिक संस्था र विद्याार्थी संख्या हेर्दा प्रति विद्यालय २१७ विद्यार्थि सख्या पाईयो । बालविकास केन्द्रमा १५३, प्राथमीक विद्यालयमा ४८८, तथा निम्न माध्यामिक विद्यालयमा ४८०, मा.वि.मा ६६ र उच्च मा.वि.मा १६० विद्यार्थि भएको देखिन्छ ।

## तालिकाः २३ विद्यालय र विद्यार्थी संख्या

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | निमावि | | मावि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| जम्मा | ५०५७४ | ५०८२६ | ५१४७३ | १४३८५३ | ८२५६१ | ८३०५८ | ५०१६३ | ५०५९१ | २७०९३ | २६९९७ | २११२९० | ३४८२७० |
| विद्यालय संख्या | ३३१ | ३२६ | २७३ | २९५ | १६२ | १७३ | ७६४ | ७६४ | १५६ | १६९ | १३६३ | १४०१ |
| प्रति विद्यालय विद्यार्थि संख्या | १५३ | १५३ | १८६ | ४८८ | ५१० | ४८० | ६६ | ६६ | १७४ | १६० | १५६ | २१७ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, आ.व २०७१/७२ र आ.व २०७२/७३२*

**३.४.४ कृषि सेवा संस्थाहरुको वितरण सेवामा पहुंच**

तालिका २४ अनुसार काठमाण्डौ जिल्लामा जम्मा छ वटा कृषि सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले शालाखाला ९ वटा गाविसका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र कृषि सेवा केन्द्र सम्म पुग्न नागरिकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १ घण्टा ३० मिनेटमा सेवा लिन सक्ने अवश्था देखिन्छ । यसलाई हेर्दा कृषि सेवा केन्द्रहरुको सख्या वढाउन सके वा भएका सेवा केन्द्रहरुमा प्राविधिक कर्मचारी थप्न सके कृषि सेवा अझ प्रभावकारी हुने देखिन्छ ।

## तालिका २४ कृषि सेवामा पहुंच

| कृषि सेवा केन्द्रको नाम | सेवा पुर्‍याउने क्षेत्र (गाविस, नगरपालिका) | सेवा केन्द्र पुग्न लाग्ने समय | कैफियत |
|---|---|---|---|
| ईन्द्रायणी | ईन्द्रायणी, गागलफेदी, भद्रवास, आलापोट, वज्रयोगीनी, पुखुछाली, सुन्टोल, लप्सिफेदी, नाग्लेभारे । | अधिकतम २ घण्टा | |
| जोरपाटी | जोरपाटी, गोठाटार, मुलपानी, गोकर्ण, कपन, चुनीखेल, बालुवा, नयांपाटी, सुन्दरीजल, डांछी । | अधिकतम १ घण्टा ३० मिनेट । | |
| धापासी | गोगोवु, टोखा चन्डेस्वरी, धापासी, टोखा सरोस्वती, वुढानिलकण्ठ, गल्फुटार महांकाल, खड्का भद्रकाली, चपली भद्रकाली, झोर महांकाल । | अधिकतम १ घण्टा ३० मिनेट । | |
| बालाजु | ईचङ्गु, जितपुर, काभ्रेस्थली, धर्मस्थली, साड्ला, फुटुङ्ग, मनमैजु । | अधिकतम २ घण्टा | |
| कलंकी | भिमढुङ्गा, रामकोट, सिता पाईला, स्युचाटार, नैकाप पुरानो भञ्याङ्ग, दहचोक, वाण भञ्ज्याङ्ग, थानकोट, महादेवस्थान । | अधिकतम १ घण्टा ३० मिनेट | |
| दक्षिणकाली | कीर्तिपुर नगरपालिका, मत्सेगाउं, चाल्नाखेल, सेतीदेवी, शेषनारायण, दक्षिणकाली, टल्कुटुंडेचौर, छैमले । | अधिकतम २ घण्टा । | |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, काठमाण्डौ आ.व २०७१/७२ र आ.व २०७२/७३ ।*

**३.४.५ पशु सेवा संस्थाहरुको विरतरण र सेवामा पहुंच**

तालिका २५ अनुसार काठमाण्डौ जिल्लामा जम्मा १० वटा पशु सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले औषत ५.५ वटा गाविसका किसानहरुलाई सेवा पुर्‍याउनु गर्ने देखिन्छ र पशु सेवा केन्द्र सम्म पुग्न कृषकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा १.५ घण्टामा सेवा लिन सक्ने अवश्था देखिन्छ । यसलाई हेर्दा पशु सेवा तुलनात्मक रुपमा वढी उपलब्ध भएको देखिन्छ । यद्यपी कृषकहरुलाई अझ प्रभावकारी सेवा उपलब्ध गराउन प्राविधिकहरुको संख्या बढाउनुपर्ने देखिन्छ ।

**तालिकाः २५ पशु सेवामा पहुंच**

| पशु सेवा केन्द्रको नाम | सेवा पुर्याउने क्षेत्र (गाविस, नगरपालिका) | सेवा केन्द्र पुग्न लाग्ने समय | कैफियत |
|---|---|---|---|
| जहरसिंहचौवा | लप्सिफेदी, नाग्लेभारे | १ घण्टा | |
| ईन्द्रायणी | ईन्द्रायणी सांखु, गागलफेदी, भद्रवास, आलापोट, वज्रयोगीनी, पुखुछाली, सुन्टोल । | १.५ घण्टा | |
| नयांपाटी | मुलपानी, गोकर्ण, कपन, जोरपाटी, गोठाटार, बालुवा, नयांपाटी, सुन्दरीजल । | १ घण्टा | |
| खड्का भद्रकाली | खड्का भद्रकाली, चपली, चुनीखेल, महांकाल, डांछी । | १.५ घण्टा । | |
| टोखा सरोश्वती | टोखा चन्डेस्वरी, साङ्ला, धापासी, गोगोवु, भोर महांकाल, टोखा । | १.५ घण्टा | |
| धर्मस्थली | धर्मस्थली, गोलढुङ्गा, जितपुर, काभ्रेस्थली, फुटुङ्ग । | १.५ घण्टा | |
| रामकोट | सीतापाईला, भिमढुङ्गा, रामकोट, ईचङ्कु, स्युचाटार । | १.५ घण्टा | |
| बलम्वु | वलम्वु, थानकोट, बाणभञ्ज्याङ्ग, दहचोक, महादेवस्थान, मतातिर्थ, सतुङ्गल, पुरानो नैकाप, नयां नैकाप तिनथाना । | १ घण्टा | |
| किर्तिपुर | कीर्तिपुर नगरपालिका, मत्सेगाउं, चाल्नाखेल | १ घण्टा | |
| दक्षिणकाली | सेतीदेवी, शेषनारायण, दक्षिणकाली, टल्कुटुंडेचौर, छैमले । | १.५ घण्टा | |

*स्रोतः जिल्ला पशुसेवा कार्यालय, काठमाण्डौ, आ.व २०७१/७२ र आ.व २०७२/७३ ।*

### *३.५ जिल्लामा विकाको लागी देखा परेका समश्याहरु र समाधानका उपायहरु*

#### ३.५.१ जिल्ला विकास कार्यक्रमका सवल, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु

| सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|
| जिल्ला विकास समिति, विषयगत कार्यालय, गैर सरकारी संस्था नीजि संस्था र विकास साभ्फेदार, तथा अन्य सामुदायिक संस्थाहरु वीच समन्वयकारी वातावरण वन्नु । | भिन्न भिन्न सस्थाहरुले विकासका कार्यहरु सञ्चालन प्रकृया फरक फरक भएकोले, कार्यान्वयन प्रकृयालाई पनि एकिकृत गर्नु पर्ने । |
| योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा नागरिकहरुलाई संलग्न गराउनु । | जिल्लामा कार्यरत विभिन्न संघ संस्थाहरुले अलग अलग ढंगले तथ्याङ्क राख्दा एकरुपता आउन नसकेकोले विकासको क्षेत्रमा काम गर्ने सवै संघ संस्थाहरुलाई डिपिमास प्रणालीमा तथ्याङ्क राख्ने व्यवस्था मिलाउने । |
| पुर्वाधार विकास र सामाजिक विकासका कार्यक्रमहरुलाई समन्वयात्मक ढंगले कार्यान्वयन गरिनु । | स्रोत नक्साङ्कन तथा गरीवि नक्साङ्कन नगरिनु र कार्यान्यन तथा अनुगमनमा अर्थपुर्ण सहभागीता नहुनु |

*स्रोतः समुह छलफल, काठमाण्डौ ।*

| अवसर | चुनौती |
|---|---|
| सामाजिक परिचालन कार्यक्रम लगायतका विभिन्न कार्यक्रमहरुको कारण नागरिकहरु चेतनशील वनेका र उनीहरु आफ्नो हकअभिकार र उनीहरुले प्राप्त गर्ने सेवा, सुविधाको वारे जानकार वनिसकेका । | स्थानीय निकायमा लामो समय देखि निर्वाचित जन प्रतिनिधि नहुनु । |
| स्रोत र साधन जुटाउन सजिलो भएको, विभिन्न दातृ निकायहरु संग समन्वयन गर्न सजिलो, सभासदहरुको संख्या पनि वढी भएको । | राजनैतिक तरलता रहनु । |
| वस्तु तथा सेवाहरुको राम्रो वजार भएको तथा ज्ञान र सीप विकासका अवसरहरु प्रसस्तै भएको । | |

*स्रोतः समुह छलफल, काठमाण्डौ ।*

**३.५.२ जिल्ला विकास समितिको मुख्य समश्याहरु र सामधानको प्रयासहरु**

| क्रस | मुख्य समश्यहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | सवै किसिमको कार्यहरु एकै पटक सञ्चालन हुन पुगेकोले प्राविधिक जनशक्तिको अभाव भएको । | प्राविभिक कार्यालयको दरवन्दी पुनरावलोकन तथा रिक्त दरवन्दीको पदपुर्ति हुनुपर्ने । |
| २ | नीजि जग्गा व्यवस्थापनको क्रमममा निस्कने बालुवा ढुङ्गाको व्यवस्थापनमा समस्या रहेको । | यसको लागि नीतिगत स्पष्टता हुनुपर्ने । |
| ३ | गैसस मार्फत भई रहेको ठूलो लगानीको अभिलेख जिविसमा नरहेको । अझैपनि धेरै गैससहरुको कार्यक्रम जिविसको योजना प्रकृयामा आवद्ध हुन नसक्नु । | गैससहरुको स्थानीय निकायसंगको समन्वयमा वाध्यकारी व्यवस्था हुनुपर्ने । |
| ४ | भरखर गठन भएका नगरपालिकाहरुको संस्थागत क्षमता कमजोर भएको र ती नगरपालिका क्षेत्रमा विकासका कार्यहरु गर्न स्रोत र साधनको कमी भएको । | स्रोत र साधनको पहिचान गरी आन्तरीक तथा वाह्य स्रोत जुटाउन नीतिगत सुधार हुनपर्ने । |
| ५ | जिल्ला विकास समितिको आन्तरीक आम्दानीका स्रोतहरुमा संकुचन आएको र नगरपालिका तथा जिविस विचको सम्वन्धमा स्पष्टता नभएको । | जिविसको भुमीकालाई स्पष्ट परिभाषित गरी नगरपालिका, महानगरपालिका र जिविसको वीचको सम्वन्धलाई सुदृढ गर्नुपर्ने । |
| ६ | स्थानीय निकायहरुमा दरवन्दी अनुसारको पदपुर्ति र पदस्थापना हुन नसकेको । यसले गर्दा विकासका कार्यहरुमा सिथिलता आएको । | कानूनी प्रकृया पुर्‍याई पदपुर्ति र पदस्थापना गरिनुपर्ने । |
| ७ | विभिन्न निकायहरुवाट ईजाजत लिई सञ्चालनमा आएका उद्योग हरुले कच्चा पदार्थ ल्याउने स्रोतको वातावरणीय प्रभाव मुल्याङ्कन नगरेकोले ठेक्का व्यवस्थापनमा कठीनाई भएको । | सम्वद्ध ऐन/नियममा समसामयिक सुधार गर्न वातावरण मन्त्रालय, उद्योग मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा नीति आउनुपर्ने । |
| ८ | एउटै कार्यक्रममा विभिन्न निकायबाट हुने सहयोगलाई एकिकृत गर्न नसक्नु । | समन्वय र सहकार्यलाई बढाउनु पर्ने । |
| ९ | जिविस मार्फत सञ्चालन हुने गरी अन्य निकाय तथा मन्त्रालयहरुवाट प्राप्त हुन शसर्त बजेट तथा कार्यक्रम कार्यान्वयनमा कठीनाई । | अन्य केन्द्रीय निकायवाट बजेट तथा अर्खितयारी पठाउदा स्थानीय निकायमा प्रचलित निर्देशिका तथा कार्यविधि भन्दा भिन्न शर्त राखेर पठाउन नहुने । यस्तो शर्त हुने भएमा कार्यक्रम नलिने । |
| १० | योजना संख्या धेरै भएकोले अनुगमन तथा कार्यान्वयन समश्या रहेको । | योजनाकार्यान्वयन तालिका वनाई कार्य सम्पादन गर्ने । |

### ३.५.३ जिल्ला विकास समितिवाट सेवा प्रवाहलाई प्रभावकारी वनाउन चालिएका कदमहरुः

- सूशासन र पारदर्शिताका सूचकहरु जस्तै गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी तोकेको, सार्वजनिक सुनुवाई ३ पटक गरेको, सामाजिक परीक्षण गर्ने गरेको, सार्वजनिक परीक्ष्ण गरेको तथा ई गभरनेन्स अन्तर्गत वल्क एसएमएस, डिजिटर डिस्प्ले वोर्ड, टिभि कार्यक्रम आदी सञ्चालन गरेको ।
- आवधिक जिल्ला विकास योजना तयार गरी कार्यान्वयनको अवस्थामा पुगेको ।
- सवै कार्यन्वयमा रहेका योजना स्थलमा सुचना पाटी राख्न अनिवार्य गरिएको र यसलाई योजना फरफारकको आधार वनार्यएको ।
- जिल्ला विकास समितिवाट प्रकासित वार्षिक रणनीतिक जिल्ला विकास गुरुयोजनामा सम्पुर्ण नगरपालिका जिविस, विषयगत कार्यालय र गैर सरकारी संस्थाहरुको आव ०७२/७३ मा सञ्चालन हुने योजना विवरण, योजना कन्टिन्जेनिका योजना समेत समावेस गरिएको ।
- जेहन्दार, गरीव, महिला, अपांगता भएका, जनजाती छात्रवृत्ति कार्यक्रम सञ्चालन गरी ती वर्गका नागरीकहरुलाई विकासकु मूलधारमा ल्याउन प्रयास गरेको ।
- प्राचिन शहर उज्यालो कार्यक्रम अन्तर्गत फर्पिङ्ग, टोखा, सांखु, थानकोट जस्ता स्थानहरुमा सोलार वत्ति जडान भएको र ती स्थानहरुको विकासवाट पर्यटन विकासको वाटो खुलेको ।
- विकासका योजना सञ्चालनमा उपभोक्ता समितिहरुको गठन गर्ने र कार्यान्यनमा विशेष्न निगरानी वढाउन अभिप्ररित गरेको ।

### *३.६ सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव*

जिल्लामा जिविस तथा अन्य स्थानीय निकायहरु र विषयगत कायार्यलय, गैसस तथा नीजि क्षेत्रवाट सञ्चालित कार्यक्रमहरुले जिल्लाको समग्र सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा योगदान पुर्‍याएको देखिन्छ । जसलाई निम्न अनुसार व्याख्या गरिएको छ ।

## क) शिक्षा क्षेत्र

राष्ट्रिय साक्षरता तथा अन्य शिक्षा नीतिलाई सहयोग पुर्‍याउने उदेश्यका साथ जिल्लामा जिविस, जिल्ला शिक्षा कार्यालय, स्थानीय निकायहरु तथा विभिन्न गैर सरकारी संस्थाहरुले कार्य गर्दै आएको पाईयो । जिल्लामा निरक्षरता निर्मूल गर्नको लागि विभिन्न खाले नागरिकहरुलाई सुहाउदो शैक्षिक कार्यक्रमहरु सञ्चालनमा आएकाछन् । वैकल्पिक विद्यालय, गृहणी विद्यालय, खुला विद्यालय, अनौपचारिक प्राथमीक शिक्षा कार्यक्रम, साक्षरता कार्यक्रम, सामुदायिक अध्ययन केन्द्र, प्रारम्भिक वाल विकास कार्यक्रम, निशुल्क पाठ्य पुस्तक, अनिवार्य आधारभुत शिक्षा कार्यक्रम, दलित, महिला छात्रवृत्ति कार्यक्रम भौतिक सुविधा विस्तार कार्यक्रम, समाहित शिक्षा सम्वन्धी कार्यक्रम सञ्चालनमा छन् । त्यसै गरी साक्षरोत्तर शिक्षा सम्वन्धी कार्यक्रम, शिक्षकहरुको पेशागत विकास, अन्य सरोकारवालाहरु (विद्यालय व्यवस्थापन समिति, अभिभावक) क्षमता विकास, आईसिटि का कार्यक्रमहरु, विद्यालय प्रोत्साहन अनुदान जस्ता कार्यक्रमहरु पनि कार्यान्वयन गरेको पाईयो । यस्ता कार्यक्रमहरुले गर्दा अभिभावकहरुले शिक्षाको महत्व वुझेको हुदा कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा ९५.४५ पुगेको छ । प्राथमिक तहमा कक्षा उत्तिर्ण हुने दर ९७.४४ प्रतिसतवाट वढेर ९७.६५ प्रतिसत र विद्यालय छोड्ने वा दोहोर्‍याउने दर २.५६ वाट घटेर २.३५ मा ओर्लेको छ ।

## ख) स्वस्थ्य क्षेत्र

स्वास्थ्य क्षेत्रमा विभिन्न सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय र नीजि क्षेत्रको सलग्नतामा सञ्चालित कार्यक्रमहरुवाट नागरिकहरुमा स्वस्थ्य क्षेत्रमा राम्रो परिवर्तन हुदै गएको छ । स्वास्थ्य संस्थामा पुर्वाधारमा वृद्धि, प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, सेवा र सुविधामा विस्तार र स्तरीकरण, स्थानीय स्तरमा थप स्वास्थ्कर्मीको व्यवस्था, वस्ती वस्तीमा खुलेका अस्पताल, आउट रिच क्लिनिक, नीजि क्लिनिक, आदीको कारण स्वास्थ्य सेवा सर्वसुलभ वनेको छ । सासुहरु, श्रीमानहरु, तथा घरका अन्य सदश्यहरुमा आएको सकारात्मक सोचका कारण गर्भवती, सुत्केरी तथा सुत्केरी पश्चात पनि उनीहरुको स्याहार सुसारमा वृद्धि भई मातृ तथा शिशु मृत्युदरमा कमी आएको छ ।

कुल घरधुरी संख्याको ९६.१२ प्रतिसत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवश्था देखिएको छ जुन गत आवमा ९४.५ प्रतिसत थियो । एक बर्ष मुनीका बालबालिकाको आधारमा खोपमा पहुच सत प्रतिसत, ४ पटक गर्ववती जाच गरिएको महिलाको प्रतिसत ५९.२३ प्रतिसत, दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको प्रतिसत गत आवको ८३.७३ प्रतिसत बाट वढेर ८६.५१ पुगेको छ भने सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको प्रतिसत आव २०७०/७१ मा ५३.९४ भएकोमा यस आ.व. मा ५३.८९ भएकोछ । यसरी स्वास्थ्य क्षेत्रमा राम्रो प्रभाव परेको देखिन्छ ।

## ग) खानेपानी र सरसफाईको क्षेत्र

विभिन्न सरकारी, गैर सरकारी तथा सामुदायिक संघ संस्थाहरुले नयाँ खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत जस्ता कार्यक्रमहरु सञ्चालन गरेका थिए जसले गर्दा खानेपानी र सरसफाईको सुविधामा नागरिकहरुको पहुंच वढेको छ । २०७१/७२ मा ९५.५१ प्रतिसत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध भएकोमा आव २०७२/७३ मा यो वढेर ९६.०३ प्रतिसत पुगेकोछ । आव २०७१/७२ सौचालयको सुविधा भएका नागरिकहरु ९२.१६ प्रतिसत भएकोमा आव २०७२/७३ मा यो वढेर ९४.१६ प्रतिसत भएको छ । त्यसै गरी खानेपानीको सुविधा भएका प्राथमीक विद्यालयहरु अघिल्लो आव २०७१/७२ मा ८९.५ प्रतिसत भएकामा यस आव २०७२/७३ मा ९०.७८ प्रतिसत पुगेको छ । खानेपानीको सुविधा घर नजिकै भए पछि र आवस्यक परिमाणमा प्राप्त हुने भए पछि नागरिकहरुको खानेपानी संकलन गर्न लाग्ने समयमा कमी आई समयको वचत भएको र सो समयको प्रयोग गरी नागरिकले तरकारी खेती, वाख्रापालन जस्ता कार्यवाट  आर्थिक उपार्जनका कार्यहरु पनि गर्दै आएका पाईयो । यसरी उपार्जन भएको रकम नागरिकहरुले वालवालिकाको शिक्षा, स्वास्थ्य तथा अन्य आय आर्जनको क्षेत्रमा लगानी गरेको र समग्र सामाजिक आर्थिक विकासलाई गति दिएको छ ।

## घ) सामाजिक विकृति विसंगति न्युनीकरणको क्षेत्र

विभिन्न जनचेतना फैलाउने कार्यक्रमहरु जस्तै दिवसहरु मनाउने प्रजातन्त्र दिवस, माव अधिकार दिवस, महिला दिवस, बाल दिवस, प्रजातन्त्र दिवस तथा सांस्कृतिक पर्वहरु जस्तै तीज, भैलो, देउसी आदी वाट जनचेतना फैलाउने कार्यहरु गरीएकोले विकृति न्यूनीकरणमा सहयोग पुगेको देखिन्छ । जिल्ला विकास समिति काठमाण्डौको सक्रियता र अगुवाईमा जिल्लामा सामाजिक विकृति हटाउन विभिन्न निकायहरुको समन्वयमा

कार्यहरु सञ्चालन गरेको देखिन्छ । वालश्रम, महिला हिंसा, यौनजन्य दुर्वेव्हारमा कमी ल्याउनमा पनि यस्ता कार्यहरु उपयोगी भएका छन् ।

## ड) सामाजिक परिचालनको क्षेत्र

गत आ.व. २०७२/७३ देखि जिविसले सामाजिक परिचालनको कार्य सञ्चालन गरेको छैन र यो कार्य नगरपालिकाहरुले गर्दे आएका छन् । यस कार्यक्रमवाट नागरिकहरु आफूले प्राप्त गर्न सक्ने सेवा, सुविधा, अधिकार र कर्तब्यबारे जानकारी पाएका तथा सेवा, सुविधा माग गर्न सक्ने वनेकाछन् । यस कार्यवाट नागरिकहरुले स्थानीय क्षेत्रको विकासमा आफुलाई सक्रिय पार्ने वातावरण सिर्जना भएको छ  तर त्यो तयारीलाई पुर्ण गराउनसक्ने गरी स्रोत र साधनको व्यवस्था नभएको गुनासो अध्ययनको क्रममा आएको थियो । यस्तो कार्यक्रमले नागकिहरुको सामाजिक विकास, विकासमा संलग्नतामा वृद्धि भई पारदर्शिता तथा जवाफदेहिता पनि वढेको छ । टोल र वस्ति, वस्तिवाट नागरिकहरुको संलग्नतामा महसुस गरिएका विकाका आवस्यकताहरु स्थानीय निकाय योजना तर्जुमा विधि अनुसार जिविस र जिल्ला परिषद सम्म आउने अवस्था सिर्जना भएको छ । सामाजिक परिचालन कार्यक्रम निर्वाचित जनप्रतिनिधिको अभाव भएको वेला स्थानीय आवस्यकता पहिचान गर्ने र योजना तयार गर्ने कार्यमा महत्वपुर्ण व्यवस्था बनेको छ ।

## च) गरिवी निवारणको क्षेत्र

जिल्लमा सञ्चालित पुर्वाधार विकासका योजनाहरु जस्तै सडक, सिंचाई, विद्युत, खानेपानी, भवन निर्माण आदिले जिल्लाका विभिन्न क्षेत्रहरुमा  वस्तु र सेवाहरुमा पहुँच वढेको छ । खास गरी वजार पहुँचमा भएको वृद्धिको कारण विभिन्न कृषि तथा गैर कृषि लगायत सेवा व्यवसायहरु व्यवसायिक वन्न थालेकाछन् । व्यसायिक तरकारी खेती, च्याउ खेती, फलफुल खेती, पुष्प खेती, गाई, बाखा, कुखुरापालन, अचार वनाउने, वासका सजावटका सामग्री, व्युटीसयिन व्यवसाय आदी मा विस्तर भएको छ ।

गत आव २०७२/७३ मा जिल्ला कृषि विकास कार्यालय काठमाण्डौले ५० उद्यमशील व्यवसायिक फर्म सूचीकृत गरेको, प्रारङ्गीक सञ्जालमा थप १८ कृषक सम्विलित भएको, २ वटा प्राङ्गारीक आउटलेट स्थापना भएको, १८० जना महिला कृषकले तरकारी खेती प्रविधि तालिम पाएको, ३० जना महिला समेत गरी कुल ७० जनाले च्याउखेती तालिम, १७ कृषकले खुद्रा विषदी विक्रेता तालिम प्राप्त गरे । १६ हजार प्लास्टिक टनेलमा गरेको गोलभेडा खेतीवाट २० हजार मे.ट. गोलभेडा उत्पादन भई ६० करोडको आम्दानी भएको, १५९७१ मे.ट. अन्य तरकारी उत्पादन भई ३९ करोड ९२ लाख आम्दानी भएको, २७५ टन च्याउ उत्पादन गरी ३ करोड ५० लाख आम्दानी भएको । त्यसै गरी १.२ मे.ट. मह उत्पादन भई ६० हजार आम्दानी, ३३७५ मे.ट. फलफुल उत्पादनवाट १३ करोड आम्दानी भएको पाईयो ।

आव.२०७२/७३ मा गाई फारम ९७, व्यवसायिक बाखा फार्म ४८, व्यवसायिक बंगुर फार्म ४३ गरी हाल सम्म कुल २४० गाई फार्म, ९२ बाखा फार्म र ५५ बंगुर फार्म दर्ता भएका छन् । जसवाट दूध उत्पादनमा

८.२९ प्रतिसत र मासु उत्पादनमा ६.४ प्रतिसतले वृद्धि भएको छ । व्यवसायिक पशुपालनवाट २३१२ मानिसरुले प्रत्यक्ष रोजगारी पाएकाछन् । गत आ.व २०७१/७२ मा जिल्लामा कूल ३ अर्व ८० करोड २६ लाख वरावरको पशु उत्पादन (दुध, मासु, फुल) भएको देखिन्छ ।

जिविसले सञ्चालन गरेको विभिन्न पुर्वाधार विकासको कारण जिल्लामा विभिन्न सामाजिक आर्थिक विकासका कार्यहरु सञ्चालनमा आए । यस्ता कार्यक्रमहरुवाट ३५ वटा कृषि उद्यम विकास, २४ वटा पशु उद्यम विकास, २२ कृषि सामग्री विक्रि र ८१ जनाले गैर कृषि क्षेत्र (पसल, मैन वत्ति, अचार, सिलाई, व्रिकेट) गरी जम्मा १६२ नागरिक स्वरोजगारी वनेको देखिन्छ । अप्रत्यक्ष रुपमा १२०० भन्दा वढी परिवार लाभान्वित भएको आकलन गरिएको छ ।

# अध्ययाय ४ निश्कर्ष र सुझाव

## *४.१ निश्कर्ष*

जिल्ला विकास समितिको समन्वयमा एकद्धार विकास प्रणाली अवलम्वन गर्ने प्रयास गरेको कारण विभिन्न निकायहरुले गर्ने विकासका कार्यहरुमा दोहोरोपनलाई न्युनीकरण गर्न मदत मिलेको छ भने विकासमा सिनर्जी आएको छ । यद्यपी कार्यान्वयन पक्षमा भने धेरै सुधार गर्नुपर्ने अवस्था छ ।

जिल्लामा हुने गरेका विभिन्न पुर्वाधार, आर्थिक, समाजिक विकासका कार्यहरुलाई जिल्ला विकास समितिले सहजीकरणगर्दे आएको छ । जिविस स्वयँ, नगरपालिकाहरु, विषयगत कार्यालयहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी निकाय, विकास साझेदार आदीले सञ्चालन गर्ने विकासका कार्यहरुको समन्वयकारी भुमीकामा जिविस रहेको पाईयो ।  गत आव २०७२/७३ मा विभिन्न पुर्वाधार तथा सामाजिक विकासका योजनाहरु सञ्चालन भए । विभिन्न सरकारी, गैर सरकारी, निजी क्षेत्र, सामुदायिक संस्थाहरुका प्रयासमा सञ्चालन भएका कार्यक्रमहरुले आम नागरीकहरुको राजनैतिक, आर्थिक, सामाजिक चेतना अभिवृद्धि भएको छ । यसवाट नागरिकहरुले आफ्ना विकास तथा अन्य सेवाहरु माग गर्न सक्ने अवस्थामा पुगेका छन् । उनीहरु आफ्नो अधिकार, उपलब्ध सेवा, सुविधाको वारेमा जानकार वनेकाछन् ।

विविध सामाजिक आर्थिक विकासका कार्यहरु सञ्चालन भएकेले नागरिकहरुमा स्थानीय विकास र यसका संरचनाहरुमा आफ्नो अपनत्व स्वीकार गर्ने वातावरण तयार भएको छ । नागरिकहरुलाई सेवा र सुविधा प्रदान गर्न सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन जस्ता सामाजिक विकासका संरचनाहरु गाउं गाउंमा पुर्‍याएको र स्थानीय निकाय तथा आम नागरिकहरुले त्यसलाई संरक्षण र प्रर्वद्धन गर्ने कार्य गरेको कारण समाजमा सकारात्मक परिवर्तन देखा पर्न थालेको छ ।

जिल्लाका सवै नगरपालिकाहरुमा सञ्चालनमा रहेको रुपान्तरणिय सामाजिक नागरिकहरुमा रहेको आन्तरीक उर्जालाई विकासको काममा लगाउन सजिलो भएको छ । महिला, बालवालिका, दलित, जनजाती, आदीले कृषि, पशु, खानेपानी, सिचाई, वन, पारालिगल समुह आदी सवैको संलग्नतामा गठन भएका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरुमा आफ्नो उपस्थितिलाई सफलतापुर्वक प्रस्तुत गर्न सकेकाछन् । यस प्रकृयाले नागरीकहरुको आवस्यकतामा आधारित विकास योजना स्वीकृत हुने र सञ्चालन हुने आधारहरु प्रष्ट देखिन थालेकाछन् ।

नागरिकहरु राज्य तथा राज्यवाट स्वीकृति लिई सञ्चालनमा रहेका विभिन्न संघ संस्थाहरुले उनीहरुलाई प्रदान गर्नुपर्ने सेवा, सुविधा र त्यसमा उनीहरुको हक, अधिकार र कर्तव्य प्रति चनाखो वन्दै गएको देखिन्छ । यसै कारण सेवा प्राप्त गर्नेहरुको संख्या उल्लेखनिय ढंगले वढेको छ ।

स्वास्थ्य, शिक्षा, खानेपानी र सरसफाईको क्षेत्रमा भएको विकासले कृषि, पशुपालन, उद्योग सञ्चालन गरी नागरिकहरु स्वरोजगार वनेका छन भने व्यवसायिक कृषि फार्महरुले लगभग १० हजार रोजगारी सिर्जना गरेकाछन् । पुर्वाधार विकास र समाजिक विकासलाई समन्वयात्मक ढंगले लगेकै कारण स्थानीय स्तरमा रोजगारीको अवसर वढेको, उत्पादन र उत्पादकत्व वढेको र शहरी रकम गाउँ गाउँ सम्म पुग्न सकेको अवस्था देखिएको छ । यसले गाउँ र शहर वीचको व्यापार सन्तुलनमा समेत टेवा पुर्‍याएको र शहरवाट गाउँमा रकम पुग्नेआधार तयार भएको छ ।

सडक विस्तार, विद्युत, खानेपानी तथा सिंचाईको विकासवाट प्राप्त अवसरहरुकै कारण उत्पादकत्व वढ्ने र आम नागरिकको जीवनशैलीमा स्तोरोन्नती र जीविकोपार्जनलाई सहजता प्रदान गर्ने निश्चित छ । नागरिकहरुलाई आफ्नो काममा सहभागी गराउने, पारदर्शिता अभिवृद्धि गराउने र स्थानीय विकासमा जिम्वेवार वनाउने आधारहरुलाई फराकिलो गराउने प्रयास भए पनि आशातित प्रतिफल भने प्राप्त हुन सकेको छैन ।

लामो समय देखि निर्वाचित जनप्रतिनिधि नहुनु, राजनैतिक तरलता रहनु, विनासकारी महाभुकम्पका कारण विकासका संरचनामा क्षति पुग्नु र त्यसवाट नागरिकहरुको जीविकोपार्जनमा पारेको प्रभावलाई न्यूनीकरण गर्नु अति चुनौतिपुर्ण भएको छ ।

नागरिकहरुले आफूले चाहेको परिमाण र गुणस्तरीय वस्तु, सेवा, सुविधा प्राप्त गर्न सकिरहेका छैनन् । अझ पनि कृषि, तथा पशुसेवा प्राप्त गर्न नागरिकहरुलाई २ घण्टा सम्म समय लाग्ने गरेको छ भने प्राप्त सेवा पनि गुणस्तरीय हुन नसकेको अवस्थाविद्यमान छ । कृषि, पशुसेवा केन्द्र, उपकेन्द्रहरुको सख्या तथा त्यहाँ काम गर्ने प्राविधिकहरुको संख्यामा पनि कमी भएको र उनीहरुको प्रविधि हस्तान्तरण गर्ने क्षमता पनि अभिवृद्धि गर्नु नितान्त आवस्यक भैसकेको छ ।
जिविसले डिपिमास सूचना प्रणालीलाई कार्यान्वयमा ल्याए पनि जिल्लामा कार्यरत सवै संघसंस्थाहरुले आफ्नै ढंगले तथ्याङ्क राख्ने गरेकोले तथ्याङ्क भण्डारणमा एकरुपता आउन सकेको छैन । जसले गर्दा एकै प्रकारको तथ्याङ्क विभिन्न निकायमा फरक फरक पर्ने गरेको देखिन्छ । यस्तो अवस्थाले योजना तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मुल्याङ्कनमा समेत नकारात्मक प्रभाव पर्न सक्ने अवस्था रहन्छ ।

### *४.२ सुझावहरु*

१. सामाजिक विकासमा ठूलो योगदान पुर्‍याउने, शहर र गाउँ विचको व्यापार सन्तुलन ल्याउन सहयोग गर्ने कृषि क्षेत्रका आवस्यक गर्ने सेवा सुविधाहरु अझै पुग्न नसकेको अवस्थामा, नागरिकहरुको सहज पहुँच पुग्ने गरी सेवा केन्द्र तथा त्यहाँ काम गर्ने प्राविधिक कर्मचारीहरुको संख्यात्मक तथा गुणात्मक सुधार ल्याउन जरुरी छ । यसका लागि स्थानीय निकायहरुले सेवा केन्द्र तथा प्राविधिकहरुको व्यवस्था गर्न स्रोत परिचालन गर्नुपर्ने देखिन्छ ।
२. जिल्लामा नागरिकहरुको माग अनुसारको विकास योजना सञ्चालन गर्नु पर्ने अवस्थामा जिविसको आम्दानी कम हुदै गएकोले जिविसले आफ्नो आन्तरीक आय वढाउनको के के गर्न सकिन्छ भन्ने कुराको अध्ययन गरी अध्ययनको सुझावलाई कार्यान्यन गरी आन्तरीक आय वढाउनु जरुरी छ ।
३. भुकम्पले क्षती पुर्‍याएका संरचनाहरुको पुर्ननिर्माणको कार्यलाई आवस्यक पर्ने स्रोत र साधनको खोजी गर्न जिल्लामा कार्यरत सवै सरकारी, गैर सरकारी, नीजि, विकास साझेदार निकायहरुको वैठक गरी आवस्यक आर्थिक तथा प्राविधिक स्रोत र साधनको व्यवस्थापन गर्नु आवस्यक छ ।
४. विकासको लागि तथ्याङ्कहरुको अति आवस्यकता छ । यसले स्थानीय विकासको आवस्यकता पहिचान गर्न, स्रोत र साधनको खोजी गर्न र विकास कार्य सञ्चालन गर्ने र्नीति तथा रणनीति तयार गर्न सहजीकरण गर्दछ । यसका लागि जिल्लामा कार्यरत सवै संघसंस्थाहरुले अभिलेखिकरण गर्ने तथ्याङ्कमा एकरुपता हुनु आवस्यक छ । यसका लागि जिविसले जिल्लामा कार्यरत सवै संघ, संस्थाहरुलाई आफूले उपयोग गर्ने गरेको डिपिमास सूचना प्रणालीमा तथ्याङ्क संकलन, भण्डारण तथा उपयोग गर्न अनिवार्य गर्नुपर्ने देखिन्छ ।

## अनुसुचीहरु

## अनुसुचीः १ सुचना संकलनको लागी तयार गरिएको प्रश्नावली

## सुचना संकलन फारमको नमुना (स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७ अनुसार

काडमाण्डौ जि.वि.स.

मिति :

१. स्थानीय निकायको परिचय (बुंदागत रूपमा लेख्ने)
२. स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू (बुंदागत रूपमा लेख्ने) :
३. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू (बुंदागत रूपमा लेख्ने) :
४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकको रूपमा प्रस्तुत गर्ने) :
५.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **अ) महिला वालवालिका तथा समावेशी क्षेत्र** | | | |
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | | |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | | | |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | | | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | | | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | | |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | | | |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा | | | |

| | | | |
|---|---|---|---|
| उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | | | |
| **खानेपानी र सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत<br>सौचालय भएको परिवार संख्या | | | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | |
| सौचालय भएको संख्या वा प्रतिशत | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| **विविध** | | | |
| बाल बिवाहको संख्या | | | |
| सामाजिक बिकृति, विसंगति | | | |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | | | |
| | | | |
| **आ) जनचेतना तथा गरिवी निवारण** | | | |
| **गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | | | |
| बाल क्लवहरूको अवस्था | | | |
| महिला हिंशा | | | |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयासहरू | | | |
| गरिवी निवारणका प्रयासहरू | | | |
| सामाजिक परिचालन | | | |
| वातावरण सुधारका प्रयासहरू | | | |
| | | | |
| **ई) विकासमा समान सहभागिता सेवाहरूमा पहुँच** | | | |
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य सेवा लिनेहरुको संख्या | | | |
| एच.आई.भि र एड्स | | | |
| स्थाई परिवार नियोजन गर्ने महिलाको संख्या | | | |
| स्थाई परिवार नियोजन गर्ने पुरुषको संख्या | | | |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने महिला | | | |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने पुरुषको संख्या | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| **शिक्षा** | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षमा पहुच | | | |
| | | | |
| **सामाजिक विकास** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | | | |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | | | |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | | | |
| संस्थागत क्षमता | | | |
| जनशक्ति | | | |
| नीति तथा कार्यक्रम | | | |
| भौतिक व्यवस्था | | | |
| समन्वय र सहकार्यका प्रयासहरू | | | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | | |

५. गत वर्षमा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

६. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव (वुंदागत रूपमा लेख्ने) :

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम ( यदि सस्था भएमा) :
मितिः

अनुसूची- ३
(बुदा १०.३ सँग सम्वन्धित)
................विषयगत कार्यालय/गैर सरकारी संस्था
जिल्ला/ न.पा./गा.वि.स. ...............
सामाजिक परीक्षकको प्रतिवेदन
( बृहत छलफलमा प्रस्तुत गरिने)

१. विषयगत कार्यालय/ गैर सरकारी संस्था को नाम :

२. लक्ष्य
क.
ख.
ग.
घ.

३. मूख्य उद्देश्य बुंदागत रूपमा लेख्ने)
क.
ख.
ग.
घ.

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुंदागत रूपमा प्रस्तुत गर्ने) :
क.
ख.
ग.
घ

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :
क.
ख.
ग.
घ.

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने)
क.
ख.
ग.
घ.

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम ( यदि सस्था भएमा) :
मितिः

अनुसूची-४
(बुदा ११ सँग सम्बन्धित)
सामाजिक परीक्षकले सम्बन्धित स्थानीय निकायका प्रमुख समक्ष
पेश गर्ने प्रतिवेदनको ढाँचा

श्री
जिल्ला विकास समिति........,....... नगरपालिका,............. गा.वि.स

१. पृष्ठभूमि
२. सामाजिक परीक्षणको उद्देश्य
३. अध्ययन विधि
४. अध्ययनको सीमा
५. बृहत् छलफल कार्यक्रमको विवरण
क) मिति : ख) स्थान : ग) समय :
६. स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने ( अनुसूची २ र ३ )
७. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु ( बुँदागत रुपमा लेख्ने)
८. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु ( बुँदागत रुपमा लेख्ने)
९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम (यदि सस्था भएमा) :
मितिः